# स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०७७
# गैडाकोट

**स्थानीय विपद् व्यवस्थापन समिति**

**गैडाकोट नगरपालिका**

# स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७

# Local Disaster Preparedness and Response Plan 2077




**प्राविधिक सहयोग**
WWF हरियो वन कार्यक्रम

**तयार गर्ने**

**दस्तावेजः गैडाकोट नगरपालिका**

**स्थानीय विपद् व्यवस्थापन समिति**

**गैडाकोट नगरपालिका नवलपरासी (व.सु. पूर्व)**

# मन्तव्य

वर्तमान समयमा जलवायु परिवर्तनको प्रभावले र प्रतिकूल मौसमको कारणले गर्दा सोचेभन्दा छुटै किसिमको प्राकृतिक तथा मानवीय विपत्तिहरु आईरहेका छन् । एक्कासी उत्पन्न हुने यस्ता विपत्तिले जीवनलाई क्षत-विक्षत वनाउन सक्दछ । भूकम्प, सडक दुर्घटना, जङ्गली जनावरको आतङ्क, वाढी डुवान र कटान, आगोलागी, सुख्खा- खडेरी, भूक्षय, महामारी जस्ता घटनाको पुनरावृत्तिले गैडाकोट नगरपालिकालाई विपद्को लागि संवेदनशील नगरपालिका मान्न सकिन्छ । एउटै ठाँउ वाढी तथा पहिरोले समस्याग्रस्त हुनसक्छ भन्ने त्यही ठाउँमा पानीको अभावले खडेरीको समस्या आईपर्न सक्दछ ।

शहरीकरण र जनसंख्या वृद्धिले अव्यवस्थित वसोवासको समस्या, सीमान्त र कमजोर क्षेत्रमा गरीवी बढनु, भूक्षय, वन जंगल विनाश, जमिनको अवैज्ञानिक उपयोग, कमजोर पूर्वाधार विकास, कमजोर विपद् व्यवस्थापन योजना, प्रकोप नियन्त्रण र वचावट प्रति वेवास्ता लगायत जलवायु परिवर्तन यस्का कारक तत्वहरु रहेका छन् ।

विपद् व्यवस्थापनको लागि विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संसोधन, २०७५) ले केन्द्र देखि प्रदेश, जिल्ला र स्थानीय तहसम्मका विपद् व्यवस्थापन समितिको व्यवस्था गरेको छ । यसरी पालिका स्तरको विपद् व्यवस्थापनको लागि पूर्वतयारी, खोज तथा उद्धार गर्ने व्यवस्थाको लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ विभिन्न निकायहरुको  सकृय सहभागिता र योगदानको फलस्वरुप तयार भएको छ । विपद्को अवस्थामा प्रभावकारी प्रतिकार्य संचालन गर्ने यो योजना सफल हुनेछ भन्ने विश्वास लिएको छु । विशेष गरेर योजना तयारी कार्यमा सहयोग गर्नुभएकोमा डब्लु. डब्लु.एफ. हरियो वन कार्यक्रम प्रति विशेष आभार व्यक्त गर्दछु ।

विपद्को हिसावले यो नगरपालिका नवलपरासी (व.सु. पूर्व) जिल्लाको एउटा संवेदनशील नगरपालिका समेत भएकोले सरकारी तथा गैरसरकारी निकायहरु लगायत राजनितिक दलहरु, उद्योगी, व्यापारी, पत्रकारहरु, नागरिक समाजका व्यक्तिहरुले यस पालिकामा हुने विपत्तिहरुको सामना गर्न तयार रहनुहुन हार्दिक आह्वान गर्दै प्रस्तुत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ को कार्यान्वयनमा सम्वन्धित सवै पक्षहरुको सकृय भूमिकाको अपेक्षा गर्दछु ।

.....................................

**अध्यक्ष**

**जिल्ला विपद् व्यवस्थापन समिति**

**एवम्**

**प्रमुख जिल्ला अधिकारी**

**नवलपरासी (व.सु. पूर्व)**

# मन्तव्य

जीवनमा एक्कासी विपद्  आई जीउ धनमालको क्षति हुनुका साथै जीवनचक्र नै अस्तव्यस्त पारीदिन्छ । विपद्को घटनापछि भएको क्षतिलाई परिपूर्ति गर्नकालागि अत्यधिक खर्च  र मिहनेत लाग्ने गरेको छ । विपद्मा परेकाहरुको मानसिक अवस्थालाई पूर्ति गर्न वर्षौ लागेतापनि कहिलेकाही सोको नतिजा सन्तोषजनक नभएको पाइएको छ ।

गैडाकोट नगरपालिकामा सकभर विपद्को जोखिम नै नहोस यदि भइहालेको खण्डमा  त्यसको प्रभावलाई न्यून गर्नका लागि जिल्ला विपद् व्यवथापन समितिको अग्रसरता र विभिन्न सरोकारवालाहरुको सक्रियतामा **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, गैडाकोट -२०७७** तयार गरी आएका थप सुझावहरुलाई समोवश गरी कार्यान्वयनतर्फ अग्रसरता लिने कुरामा जोड दिएको छ ।

बिपद् परेपछि गरिने खर्चको कयौं गुणा कम रकम विपद्  पूर्वतयारीमा उपयोग गरेमा विपद्को क्षति न्युन गरी ठुलो दुर्घटनाबाट जोगाउन सकिन्छ । आरुघाट गाउँपालिका विपद्को दृष्टिले संवेदनशील भएको हुँदा वर्षेनी विपद्बाट हुने क्षतिलाई न्युन गर्न विपद् प्रभावित वडाहरुमा समुदायमा आधारित विपद् व्यवस्थापन योजना निर्माण गरी सूचीकृत गरिएका कार्यक्रमहरु र रणनीतिहरु कार्यान्वयन तिर उन्मुख हुनपर्ने देखिन्छ । समुदाय, वडा र पालिका देखि जिल्ला स्तरमा विपद् व्यवस्थापन पूर्वतयारी योजना बनाई लागू गरिएको खण्डमा अतिनै महत्वपूर्ण हुनेछ । संकटमा परेका व्यक्ति/समुदायहरुबाट स्वतःस्फुर्त योजना बनाई लागूभएको योजनाको प्रभावकारिता, दिगोपन र अपनत्व रहने कुरामा हामी एकमत नै हुनेछौं ।

भविष्यमा पालिकामा हुने सभांवित विपद्लाई मध्येनजर गरी बनाइएको यस योजनामा वडा देखि र नगरपालिका स्तरसम्मका भौतिक पूर्वाधार, आन्तरिक र बाह्य क्षमता, यातायात, सडक, स्वास्थ्य, खानेपानी, शिक्षा, सूचना कक्ष र भण्डारणको स्थापना देखि चौविसै घण्टा सामग्री सहित तयार रहेका नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी लगायत विभिन्न संघ संस्थामा आवद्ध तालिमप्राप्त दक्ष जनशक्ति (स्वंयसेवक) हरुको लेखाजोखा गरी  समयानुकूल प्रयोगमा ल्याउन  सकिन्छ । पूर्वतयारीका लागि आवश्यक श्रोत र साधन आन्तरिक र दातृ निकायहरुसंग जुटाउने कार्यको प्रारम्भ भएको छ भने थप उर्जा प्राप्त गर्न नियमित तथा आकस्मिक बैठक बस्ने गरेकोमा यसलाई व्यवस्थित र निरन्तरता प्रदान गर्ने लक्ष्य रहेको छ ।

वर्तमान समयमा विश्व नै शहरीकरणतिर उन्मुख भैरहेको अवस्थामा यस नगरपालिका पनि यस समस्याबाट दिनानुदिन ग्रसित हुँदैआएको छ । विभिन्न समुदायबाट स्थानान्तरण  भै आएका व्यक्ति/समुदायको आ-आफ्नै ढंगको रितिरिवाज, रहनसहन र वानी व्यवहोरा हुनेगरेको हुन्छ । नगरपालिकाद्वारा बनाइएका योजनाहरुलाई कार्यान्वयन गर्न कठिनाई हुने गरेकोमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले सहयोगीको भूमिका निर्वाह गर्नेमा हामी विश्वस्त छौ ।

........................................

**अध्यक्ष, स्थानीय विपद् व्यवस्थापन समिति, गैडाकोट नगरपालिका, नवलपरासी**

## शब्दसंक्षेप

| | |
|---|---|
| गापा | गाउँपालिका |
| नपा | नगरपालिका |
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैर सरकारी संस्था |
| जिसस | जिल्ला समन्वय समिति |
| जिविव्यस | जिल्ला विपद् व्यवस्थापन समिति |
| जिवका | जिल्ला वन कार्यालय |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जिप्राका | जिल्ला प्राविधिक कार्यालय |
| जिशिअ | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| जिस्वाका | जिल्ला स्वास्थ्य कार्यालय |
| जिभूका | जिल्ला भूसंरक्षण कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| नेरेसो | नेपाल रेडक्रस सोसाईटी |
| नेकपा | नेपाल कम्यूनिष्ट पार्टी |
| ने का | नेपाली काँग्रेस |
| जसपा | जनता समाजवादी पार्टी |
| राप्रपा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| मविवाअ | महिला विकास तथा बालबालिका अधिकृत |
| मविवाका | महिला विकास तथा बालवालिका कार्यालय |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| सप्रजिअ | सहायक प्रमुख जिल्ला अधिकारी |
| स्था.वि.व्य.स. | स्थानीय विपद् व्यवस्थापन समिति |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| DCC | District Coordination Committee |
| DDMC | District Disaster Management Committee |
| DEOC | District Emergency Operation Center |
| DTO | District Technical Office |
| DPHO | District Public Health Office |
| FCHV | Female Community Health Volunteer |
| GBV | Gender Based Violence |
| HEOC | Health Emergency Operation Center |
| H/N | Health and Nutrition |
| HW | Health Worker |
| LEOC | Local Emergency Operation Center |
| MIRA | Multi Sectoral Initial Rapid Assessment |
| NEOC | National Emergency Operation Center |
| NFI | Non-Food Items |
| NGO | Non-Governmental Organization |
| NRCS | Nepal RedCross Society |
| PCVA | Participatory Capacity and Vulnearability Assessment |
| RRT | Rapid Response Team |
| TLC | Temporary Learning Center |
| WASH | Water Supply, Sanitation and Health Promotion |
| WDO | Women Development Office |

# विषयसूची


| | | |
|---|---|---|
| **परिच्छेद १** | **पृष्ठभूमि** | १ |
| १.१ | गैडाकोट नगरपालिकाको परिचय | १ |
| १.२ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि | ३ |
| १.३ | गैडाकोट नगरपालिकाको विपद्को संक्षिप्त स्थिती | ५ |
| १.४ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य | ५ |
| **परिच्छेद २** | **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य** | ७ |
| २.१ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा | ७ |
| २.२ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु | ८ |
| २.३ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया | ९ |
| २.४ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु | १० |
| २.५ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न कार्यहरु | १० |
| **परिच्छेद ३** | **गैडाकोट नगरपालिकामा विपद् जोखिमको अवस्था** | १३ |
| ३.१ | विगतका विपद्हरुको विश्लेषण | १३ |
| ३.२ | कानुनी नीतिगत तथा संस्थागत व्यवस्था | १३ |
| ३.३ | प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु | १५ |
| ३.४ | सम्भाव्य प्रकोपको आंकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शांकन | १५ |
| ३.५ | विपद् संकटासन्नता तथा क्षमता विश्लेषण | १६ |
| ३.६ | विपद् जोखिम आंकलन तथा नक्शांकन | १८ |
| ३.७ | प्रकोप पूर्वानुमान तथा पूर्वसुचना प्रणाली विश्लेषण | १९ |
| ३.८ | **विषयगत क्षेत्रहरु** | १९ |
| ३.८.१ | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय बिषयगत क्षेत्र | २० |
| ३.८.२ | आपतकालीन आवास तथा गैरखाद्य बिषयगत क्षेत्र | २१ |
| ३.८.३ | कृषि तथा खाद्य बिषयगत क्षेत्र | २१ |
| ३.८.४ | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र | २१ |
| ३.८.५ | संरक्षण विषयगत क्षेत्र | २२ |
| ३.८.६ | शिक्षा विषयगत क्षेत्र | २२ |
| ३.८.७ | राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | २२ |
| **परिच्छेद ४** | **सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)** | २३ |
| ४.१ | सामान्य पूर्वतयारी योजना | २३ |
| **परिच्छेद ५** | **पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (बाढी)** | २६ |
| **परिच्छेदः ६** | **आपतकालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)** | ३० |
| ६.१ | समग्र विपद् जोखिमको सन्दर्भमा | ३० |
| ६.२ | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | ३० |
| ६.३ | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्र | ३३ |
| | कोभिड १९ मा आधारित प्रतिकार्य योजना | ३६ |
| ६.४ | संरक्षण विषयगत क्षेत्र | ३९ |
| ६.५ | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ४२ |
| ६.६ | शिक्षा विषयगत क्षेत्र | ४६ |
| ६.७ | खाद्य तथा कृषि विषयगत क्षेत्र | ४९ |
| ६.८ | राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगतक्षेत्र | ५२ |
| **परिच्छेद ७** | **आवश्यकताको लेखाजोखा** | ५७ |
| ७.१ | विषयगत स्रोत साधनको आँकलन | ५७ |

| | | |
|---|---|---|
| ७.२ | अनुमानित लागत | **५८** |
| ७.३ | आर्थिक श्रोत र उपलब्ध हुने विधि र संयन्त्र | **५८** |
| **परिच्छेद ८** | **अन्य निकायहरुसगँको समन्वय र सहकार्य** | **५९** |
| **परिच्छेद ९** | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | **६२** |
| **परिच्छेद १०** | **अनुगमन, मुल्याङ्कन तथा सिकाई योजना** | **६३** |
| **१०.१** | लक्ष्य र सूचकहरू | **६३** |
| **१०.२** | अनुगमन, मुल्याङ्कन तथा सिकाइ | **६४** |
| **१०.३** | विपद् पूर्वतयारी योजना तथा प्रतिकार्य योजनाको पुनरावलोकन तथा अद्यावधिक | **६४** |
| | **अनुसूचिहरु** | |
| **अनुसूचि - १** | गैडाकोट नगरपालिकाको निर्वाचित जनप्रतिनिधिहरुको विवरण | **६५** |
| **अनुसूचि - २** | गैडाकोट नगरपालिकाका कार्यालय प्रमुखहरु तथा सरोकारवालाहरुको विवरण | **६६** |
| **अनुसूचि - ३** | गैडाकोट नगरपालिकामा कार्यरत गैससहरुको विवरण DPRP निर्माणका लागि पालिकास्तरीय प्रथम बैठकमा उपस्थितहरुको नामावली | **६६** |
| **अनुसूचि - ४** | कार्यशालामा सहभागीहरुको विवरण | **६७** |
| **अनुसूचि - ५** | गैडाकोट नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण | **६८** |
| **अनुसूचि - ६** | विषयगत क्षेत्रको नेतृत्व गर्ने व्यक्तिहरुको विवरण | **६९** |
| **अनुसूचि - ७** | गैडाकोट नगरपालिकामा पहिचान भएका आश्रयस्थल | **६९** |
| **अनुसूचि - ८** | दमकल सेवाको सूची | **७०** |
| **अनुसूचि - ९** | एम्वुलेन्स सेवाको सूची | **७०** |
| **अनुसूचि - १०** | अनुगमन, मुल्याङ्कन तथा सिकाई नमूना फाराम | **७०** |
| **अनुसूचि - ११** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका | **७१** |
| **अनुसूचि - १२** | विषयगत सदस्य संस्थाको कार्यशर्त (नमूना) | **७२** |
| **अनुसूचि - १३** | अगुवा सहयोगी संस्थाको कार्यशर्त (नमूना) | **७३** |

# परिच्छेद १

# पृष्ठभूमि

## १.१ गैडाकोट नगरपालिकाको परिचय

गण्डकी प्रदेश अन्तर्गत नवलपरासी (व.सु. पूर्व) जिल्लाको प्रमुख नगरपालिकाको रुपमा चिनिने गैडाकोट नगरपालिका नवलपरासी जिल्लाको पूर्वी भागमा अवस्थित छ। गैडाकोट नगरपालिका मिति २०७१/१/२५ मा घोषणा भई २०७१/२/७ मा कार्यान्वयन भई आएको छ। साविकको गैंडाकोट, मुकुन्दपुर, अमरापुरी ३ वटा गा.वि.स. समेतलाई समावेश गरी गैंडाकोट नगरपालिकामा १७ वडा कायम रहेकोमा २०७३ सालमा रतनपुर गा.वि.स. समेत समावेश भई १८ वडा कायम भएको छ । नेपालको मध्यभागमा पर्ने धार्मिक क्षेत्र मौलाकालिका देवीमाताको मन्दिर र पूर्वतर्फ कालीगण्डकी त्रिशुली लगायत गण्डकीहरुको संगम स्थलमा देवघाट धाम र चितवन राष्ट्रिय निकुञ्जको केहि भाग समेत यस नगरपालिका पर्दछन्। यस नगरपालिकामा पूर्व पश्चिम महेन्द्र राजमार्ग समेत पर्दछ।विजय विकास श्रोत केन्द्र, सहमति, त्रिनेत्र, सामाजिक विकास तथा अनुसन्धान केन्द्र जस्ता ख्याति प्राप्त गैं.स.स संस्था छन भने विकु, किसान वचत तथा ऋण स.सं.लि. जस्ता एक्सेस ब्रान्ड प्राप्त गर्न सफल सहकारी संस्था, गैंडाकोट साकोस एक्सेसको कार्यक्रममा रहेको र अन्य दुग्धडेरी लगायत विजय एफ.एम, सहज स्वास्थ्य सहकारी संस्था लि., विजय सामुदायिक शिक्षा सदन जस्ता सहकारी विषयगत संस्थाले आफ्नो राम्रो पहिचान दिन सफल रहेको छ।

### गैडाकोट नगरपालिकाको जनसांख्यिक विवरण

जनगणना २०६८ अनुसार गैडाकोट नगरपालिका भित्र १३,००० घरधुरी रहेको र करिव ६५,०७८ जना जसमा महिला ३४०८१ र पुरुष ३०९९७ जना बसोबास गर्दछन्। राजमार्ग वरिपरिका केही बस्तीहरु वाहेक अन्य बस्तीहरु ग्रामिण ईलाकामा रहेका छन्। महाभारत पहाडी क्षेत्र देखि नारायणी नदी तटसम्म फैलिएको छ।

### वडा अनुसार जानसांख्यिक विवरण

वडा अनुसार जनसंख्याको वनोट विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या ८३८९ वडा नं.२ को रहेको छ भने सबैभन्दा कम जनसंख्या १५८२ वडा नं. १७ को रहेको छ । वडा अनुसारको विस्तृत तथ्याङ्क तलको तालिकाका प्रस्तुत गरिएको छ। जम्मा १३,६२३ घरधुरीमा कुल जनसंख्या ६५,०७८ रहेको छ भने महिलाको ३४०८१ जनसंख्या र पुरुषको जनसंख्या ३०९९७ रहेको छ।

| वडा नं. | घर परिवार संख्या | कुल जनसंख्या |
|---|---|---|
| १ | १२१० | ५५८६ |
| २ | २०२९ | ८३८९ |
| ३ | ५७४ | ३३०८ |
| ४ | ९१९ | ४२१७ |
| ५ | १२८१ | ५९०१ |

| | | |
|---|---|---|
| ६ | ५३१ | २७८२ |
| ७ | ५२३ | २६२५ |
| ८ | ७१७ | ३३८९ |
| ९ | ३७२ | १६९१ |
| १० | ८३३ | ४०४२ |
| ११ | ७५९ | ३६३८ |
| १२ | ६४१ | ३०८१ |
| १३ | ७९० | ३६२३ |
| १४ | ७५१ | ३६९६ |
| १५ | ५३४ | २७३४ |
| १६ | ४८८ | २२९४ |
| १७ | ३१६ | १५८२ |
| १८ | ३५५ | २५०० |
| **जम्मा** | **१३,६२३** | **६५,०७८** |

**श्रोत : नगर प्रोफाइल**

## भू-उपयोग र प्राकृतिक श्रोत साधनको अवस्थाः

गैडाकोट नगरपालिकाको भू-क्षेत्र, समथर र महाभारत पर्वतका केहि पहाडी क्षेत्रहरु मिलेर बनेको छ । नगरपालिकाको उत्तरतर्फ वनजङ्गलले ढाकेको छ भने तल्लो भाग समथर जमिनले ओगटेको छ । यस्तो भूवनोटले गर्दा यस क्षेत्रमा प्राकृतिक स्रोतको आधारमा ठूलो विविधता पाईन्छ । यस नगरपालिकाका २५ वटा सामुदायिक वनहरु रहेका छन् । विविध प्रकारका वनस्पति तथा वन्यजन्तु पाईने यी वनजंगलहरु घाँस, दाउरा र काठका मुख्य स्रोतहरु हुन् । वनस्पतिका विविध प्रजातिहरु यी वन जंगलमा पाईन्छन् । साल, सिसौ, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप आदि विभिन्न प्रजातिका काठजन्य वनस्पति यस क्षेत्रका वनजंगलहरुमा प्रशस्तै पाईन्छन् । विभिन्न किसिमका गैह्रकाष्ठ वन पैदावार, औषधीजन्य जडिबुटी बोझो, सिउँडी, घ्युकुमारी, तुलसी, जिम्बु, बाबरी, भृंगराज, रिट्ठा, टिमुर, गुँरास, हर्रो, बर्रो, चिराँइतो चुत्रो अमला, रुदिलो, तितेपाती तथा फलफूल समेत यी जंगलमा भेटिन्छन् । प्राय : सबै वडाहरुमा सामुदायिक वनहरु रहेका छन् भने सरकारी वनहरु पनि नगरपालिकाको उत्तरी क्षेत्रमा रहेका छन् ***(गैडाकोट नगरपालिका पार्श्वचित्र २०७६)***।

## हावापानी

न्यूनतम २ डिग्री सेल्सियस देखि अधिकतम ३६ डिग्री सेल्सियस सम्म तापक्रम हुने र ७ मि.मि. न्यूनतम देखि ३०५ मि.मि. अधिकतम वर्षा हुने यस नगरपालिकाको हावापानीमा विषमता पाइन्छ । यस नगरपालिका भित्रका विभिन्न क्षेत्रहरुमा गर्मीमा अधिक गर्मी हुने र जाडोमा शितलहर सम्म चल्दछ । तरपनि नगरपालिका भित्रका सबै क्षेत्रमा एकैनासको हावापानी पाइदैन ।

**भौतिक पूर्वाधार विकासको अवस्था**

**सडकः**

पूर्व पश्चिम महेन्द्र राजमार्ग यसै नगरपालिका भएर जाने भएको कारणले र सडक पहँच तथा सुविधाको हिसाबले करिब ८७ प्रतिशत घरपरिवार सडकको पहुँचमा रहेका छन् । तर यस नगरपालिकामा राजमार्ग वरीपरीका क्षेत्रको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनकै भएपनि ग्रामिण तथा पहाडी बस्तीहरुमा मानिसहरुले यसको सुविधा उल्लेख्य रुपमा लिन पाएका छैनन् । राजमार्ग वरपर क्षेत्रका केही सडकहरु कालोपत्रे भए पनि अधिकांश सडकहरु ग्राभेल र धुले छन् ।

**शैक्षिक अवस्थाः** यस नगरपालिका भित्रको कुल जनसंख्याको ८८ प्रतिशत भन्दा बढी मानिसहरु साक्षर छन् । नगरपालिका भित्र २५ वटा सामुदायिक विद्यालय, १६ वटा संस्थागत विद्यालय र १२ वटा कलेजहरु छन् । यसरी हेँदा यस नगरपालिकाको शैक्षिक स्थिति सन्तोषजनक देखिन्छ ।

**आर्थिक अवस्था, उद्योग धन्दा र पेशा व्यवसायः** विभिन्न खाले उद्योग गोरखा ब्रुअरी, सम्मी डिष्टिलरी, भृकुटी कागज उद्योग, त्रिशक्ति टेक्सटाइल, ग्याँस रिफिलिङ्ग उद्योग, ओयल प्याकिङ उद्योग जस्ता ठूला उद्योगहरु र ढुङ्गा, वालुवा, गिट्टि तथा क्रसर उद्योग समेत साना ठूला गरी ८० भन्दा बढी उद्योगहरु सञ्चालनमा छन् भने कृषि वस्तुमा आधारति मासु, अण्डा, दुध र महमा आत्मनिर्भर रहेको छ, त्यस्तै कृषिजन्य उपजहरु धन, दलहन वाली, तेलहन वाली, नगदेवाली, व्यावसायिक तरकारी खेति, फलफूल खेति राम्रो अवस्थामा रहेको पाइन्छ । यसका अलवा साना ठूला होटेल, रेष्टुरेन्ट, गेष्ट हाउस एण्ड खाजा घर तथा पर्यटन व्यावसाय पनि राम्रो अवस्थामा रहेको देखिन्छ । नगरपालिका भित्र वचत तथा ऋण सहकारी ५८ वटा वैंक तथा वित्तिय संस्थाहरु २५ वटा सञ्चालनमा रहेको पाइन्छ । उद्योग वाणिज्य संघ गैंडाकोट, नेपाल रेडक्रस सोसाईटी उपशाखा गैंडाकोट, लायन्स क्लव, लियो क्लव, गैंडाकोट जेसीस, लगायत गैं.स.स. सहकारी वचत तथा ऋण दुग्ध उत्पादन समुह गठन भई प्रशंशनीय रुपले काम गरी आएको हुंदा सहकारी ग्राम को रुपमा परिचित रहेको छ ।

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमी

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरुमध्ये एक हो । विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो देशको रुपमा रहेको छ । प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढि परिवारहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिवर्ष बिभिन्न विपद्हरुबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये बार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तिको नोक्सानी हुने गरेको छ ।

विपद्को कारण नेपालले हरेक वर्ष औसतमा १ अर्ब २१ करोडको बराबरको राष्ट्रिय सम्पत्तिको क्षति व्यहोर्नु परेको छ । त्यसै गरेर नेपालको विकास दर ३ देखि ४ प्रतिशतले रहेको छ भने विपद्ले विनाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ । कमजोर भु-बनोट, जटिल भुगर्भीय संरचना, बदलिँदो जलवायु अवस्था, बढ्दो शहरीकरण, जलसंख्या बृद्धि तथा मानवीय हेलचेक्राई र असावधानीका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । बिगतमा गरिएका अध्ययन, अनुसन्धान र बिगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते आएका भूकम्प यसैका उदाहरण हुन् । अझै पनि यस्तै प्रकृतिका भूकम्पहरु आउने अनुमान गरिँदै छ । यस्तै हरेक वर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन् । यी उदाहरण मात्र नभएर यथार्थ र वास्तविक पनि हुन् । यसको अर्थ अब सबै हाम्रो काबुभन्दा बाहिर गैसकेकै हो त भन्ने प्रश्न उठ्न सक्छ तर हामीले सावधानी अपनायौं, पूर्वतयारीमा जुट्यौं भने विपद्लाई पनि क्रमिक रुपले हाम्रो नियन्त्रणमा लिन सक्नेछौं त्यसका लागि स्थानीय सरकारको समन्वयमा स्थानीय स्तरमा काम गर्ने सरकारी गैरसरकारी, सामुदायिक संघ संस्थाहरु, स्थानीय तहमा रहेर काम गर्ने निजी क्षेत्रका प्रतिनिधिहरु लगायत सबैको सहकार्य भयो भने हाम्रो विपद् जोखिम न्यूनीकरण गरी उत्थानशीलता बढाउन सक्छौ ।

नेपालको संविधान २०७२, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५) ,स्थानीय सरकार सन्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण नीति एवं रणनीतिक कार्ययोजना २०७५ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७५ लगायतका राष्ट्रिय नीति तथा कानूनी दस्तावेजको आधार र विपद जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचाको मर्मलाई आत्मसात गर्दै स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लाई संस्थागत गर्ने र समुदायस्तरबाट नैं विपद् उत्थानशीलता बृद्धि गर्न बान्छनीय भएको हुनाले नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन २०७६) बमोजिम तयार गरेको यस योजनाले भविष्यमा स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा नयाँ फड्को मार्ने अपेक्षा गर्न सकिन्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मुल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ ।

वि.सं. २०६५ साल जेठ १५ गते नेपाल सरकारले संघीयतामा जाने निर्णय गरेसँगै देशमा तीन तहका सरकारहरुको प्रार्दुर्भाव भयो । केन्द्रमा संघीय सरकार, प्रदेशमा प्रादेशिक सरकार र स्थानीय तहमा स्थानीय सरकार निर्माण भएसँगै सोही अनुरुप तहगत संरचनाहरुको निर्माण भए । जस अनुरुप केन्द्रमा प्रधानमन्त्रीको

अध्यक्षतामा विपद् व्यवस्थापन राष्ट्रिय परिषद गठन भएको छ, गृहमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन कार्यकारी समितिको निर्माण भएको छ । त्यसैगरी सातै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति निर्माण गरिएको छ । जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिलाई कायम गरिएको छ भने स्थानीय तहमा गाउँपालिकाको अध्यक्ष तथा नगरपालिकाको मेयरको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई तहगत रुपमा जिम्मेवारी हस्तान्तरण गरिएको छ । सोही अनुरुप हरेक तहले आफ्नो लागि आवश्यक ऐन, नियम कानूनहरु निमार्ण गर्ने र कार्यान्वयन गर्ने प्रावधान अनुरुप संघीय सरकारले तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) को अधीनमा रही नवलपरासी (व.सु. पूर्व) जिल्लाको गैडाकोट नगरपालिकाले विभिन्न सरकारी निकाय, गैरसरकारी क्षेत्र, स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र, स्थानीय जनप्रतिनिधि, स्थानीय तहमा रहेर काम गरिरहेका विभिन्न मानवीय सेवामा समर्पित संघ संस्थाहरु समेतको सहभागितामा नगरपालिका स्तरिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ निर्माण गरेको छ ।

## १.३ गैडाकोट नगरपालिकाको संक्षिप्त विपद्को स्थिति

गैडाकोट नगरपालिका बहुप्रकोप जोखिममा रहेका नगरपालिका मध्ये पर्दछ । प्राकृतिक र गैर प्राकृतिक बहुप्रकोपका कारण जनधनको क्षति भएको देखिएको छ । बिगत वर्षहरुमा बिशेष गरी नारायणी नदीले कटान गरेको र यसले बस्तीमा समेत क्षति पुर्‍याएको पाईएको छ । नारायणी नदी तटिय क्षेत्रमा बाढीबाट हुने डुबान र कटान यस पालिकाको प्रमुख प्रकोप हो । पूर्वपश्चिम राजमार्ग यसै नगरपालिका भएर गएको हुनाले सडक दुर्घटना अर्को प्रमुख प्रमुख प्रकोप हो । गतवर्षदेखि फैलिएको कोरोना महामारी, वर्ड फ्लू र डेङ्गुले पनि वेलावखतमा आतङ्क फैलाउने गरेको छ । यस नगरपालिका भित्र जङ्गली जनावरको आक्रमण तथा आतङ्क, हावाहुरी, आगलागी, असिना, चट्याङ, सर्पदंश, खडेरी, शीतलहर, लगायतका अन्य प्रकोपहरुबाट पनि प्रभावित रहेको छ । यसैगरी भूकम्पीय जोखिम पनि यस नगरपालिकाको अर्को प्रकोपको रुपमा रहेको छ । यस नगरपालिका भित्र भएर बग्ने नदी र खोलानालाका कारण नगरबासीले हरेक वर्ष जनधनको क्षति बेहोर्नु पर्ने वाध्यता छ । यसका साथै बाढीको समयमा र अन्य समयमा सर्पदंशले मानिसहरुको मृत्यु हुने गरेको छ । यसैगरी हावाहुरी, असिनाले पनि अन्नबाली साथै धनसम्पत्तिको क्षति हुने गरेको छ ।

## १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ । तर पनि विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ । यो योजना विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरू तथा विपद् पश्चात गरिने राहत प्रतिकार्यका तथा आपतकालीन पुनर्लाभका गतिविधिहरू सञ्चालन गर्नका लागि निर्माण गरिएको छ । यो कार्ययोजना मुख्यत विपद्बाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमैं र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ ।

- मानवीय सहायता एवं  विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा संलग्न निकाय तथा उपलब्ध साधन श्रोतको पहिचानमा सहयोग गर्दछ ।
- विपदको समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सुनिश्चितता प्रदान गर्दछ ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- उद्धार, राहत र पूर्वतयारीका कार्यहरुमा प्रभावित समुदायको समान पहुचको सुनिश्चितता प्रदान गर्छ ।
- स्थानीय श्रोत साधन र प्रविधिको पहिचानमा सहयोग प्रदान गर्दछ ।
- उद्धार तथा राहत जस्ता कार्यमा प्रभावित समुदायको समान प्रत्याभूति गर्दछ ।
- आपतकालीन समयमा सूचना र जानकारीलाई व्यवस्थित गर्न सहयोग गर्दछ ।
- गैडाकोट नगरपालिकाको विपद् जोखिमको अवस्था अध्ययन गर्ने खोजकर्ताहरुको लागि श्रोत सामग्री बन्दछ ।

# परिच्छेद २

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

विपद् पूर्वको पूर्वतयारी तथा विपद्को समयमा प्रभावितहरुको जनधन र सम्पत्तिको सुरक्षा र संरक्षण गरी मानवमाथि पर्ने नकारात्मक प्रभावको सामना गर्न स्थानीय श्रोत, साधन र प्रविधिको उपयोग गर्दै प्रकोपको आघातमा परेका व्यक्ति तथा समुदायलाई प्रभावकारी रुपले मानवीय सहयोग प्रदान गर्नु र रोकथाम, न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचनाका विधि र पद्धतिहरुलाई जवाफदेहीपूर्ण ढंगले कार्यान्वयन गरी उत्थानशील नगरपालिका निर्माण गर्नु यस योजनाको उद्देश्य रहेको छ । यस योजनाका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

१. विपद् पूर्वतयारीका कृयाकलापहरुलाई प्राथमिकतामा राखी उद्धार तथा राहतमा हुने अधिक खर्च कम गर्नु,

२. आपतकालीन अवस्थामा प्रभावित व्यक्ति तथा समुदायलाई शिघ्रातिशिघ्र मानवीय सहयोग उपलब्ध गराउनु,

३. विपद् पूर्वतयारी र प्रतिकार्यका लागि अधिकतम रुपमा स्थानीय साधन श्रोतको उपयोग गर्नु,

४. स्थानीय स्तरहरुमा जोखिम न्यूनीकरणका गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी रुपले कार्यान्वयन गर्नु,

५. विपद् व्यवस्थापनमा सरोकारवाला निकाय तथा संघ संस्थाहरुबाट मानवीय सहायता तथा आर्थिक स्रोत नक्शाङ्कन गरी परिचालनमा समन्वय गर्नु ।

## २.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा

विपद् व्यवस्थापनका विभिन्न चरणहरु मध्ये विपद् पूर्वतयारीका माध्यमबाट विपद् जोखिम न्यूनीकरणका प्रारम्भिक कार्यहरु, विपद्को समयमा गरिने आपतकालीन प्रतिकार्यहरु र प्रतिकार्यका लागि पूर्वतयारीका कार्यहरु र आपतकालीन पुनर्लाभका क्रियाकलापहरु गरिने हुनाले यस योजनाबाट विपद् प्रभावितहरुको मानव अधिकारको रक्षा, जनधनको क्षति न्यूनीकरण, जीविकोपार्जनमा सहयोग तथा पूर्वतयारी तथा प्रतिकार्यमा सबैको समान सहभगिता सुनिश्चित गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरणहरुलाई व्यवस्थित र प्रभावकारी रुपले एकसाथ लाने अपेक्षा राख्न सकिन्छ । यसका अतिरिक्त यस योजनाका अपेक्षित नतिजालाई निम्नानुसार उल्लेख गरिएको छ:

१. विपद् पूर्व गरिने पूर्वतयारीका क्रियाकलापहरुको सुनिश्चितता हुनेछन् ।

२. आपतकालीन समयमा विपद् प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित र प्रभावकारी रुपले कार्यान्वयन हुनेछन्

३. प्रतिकार्यका क्रियाकलापहरुमा विपद् प्रभावितहरुको प्रत्यक्ष पहुँच सुनिश्चित हुनेछ ।

४. विपद् प्रभावितहरुमा आ-आफ्नो अधिकार तथा कर्तव्यको बोध सुनिश्चित हुनेछ ।

५. विषय क्षेत्रगत रुपमा जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वयन हुने भएको हुनाले मानवीय सहयोग प्रभावकारी व्यवस्थित र पारदर्शी हुनुका साथै सेवाप्रदायक निकायमा जवाफदेहिता, उत्तरदायित्व र अपनत्वको भावना विकास हुने अपेक्षा राख्न सकिन्छ ।

## २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु

प्रस्तुत योजनाले प्राप्त गर्न खोजेका नतिजाहरुलाई बुँदागतरुपमा देहायअनुसार उल्लेख गरिएको छ :

१. गैडाकोट नगरपालिकाको विवरण

२. विपद्बाट प्रभावित हुनसक्ने क्षेत्र तथा समुदायको संख्या र अवस्थिति

३. विपद्सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुनसक्ने उपलब्ध क्षमता

४. विपद् जोखिम विश्लेषण

५. पूर्वसूचना प्रणालीको विकास

६. खोज तथा उद्धार व्यवस्था

७. सुरक्षित आश्रयस्थल वा क्याम्प व्यवस्थापन प्रणाली

८. राहत व्यवस्था र वितरण

९. खाद्यसामग्री र गैरखाद्य सामग्रीको भण्डारण व्यवस्थापन

१०. प्रतिकार्यमा संलग्न साझेदारहरुको भूमिका र जिम्मेवारी निर्धारण

११. विपद् सम्पर्क व्यक्तिको पहिचान र विपद्को समयमा नियमित सञ्चार सम्पर्कको व्यवस्था

१२. मानवीय सहायताकर्मी गर्ने सहयोगको पहिचान

१३. सरोकारवाला निकाय र गैरसरकारी संघ संस्थाको क्षमता अभिवृद्धि हुने ।

२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया



माथि उल्लेखित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) मा प्रेषित नमूनालाई आत्मसाथ गर्दै गैडाकोट नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नको लागि २०७७/०८/१० गते नगर प्रमुख र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतसँग बैठक बसी नगरपालिका भित्रका सबै वडाका वडाध्यक्षहरुलाई बोलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यशाला गर्ने निर्णय गरियो । सोहि अनुरुप २०७७/०८/१० गते नगरपालिका प्रमुख, उपप्रमुख, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्ष सहित जनप्रतिनिधिहरु र अन्य कर्मचारी सहितको संयुक्त सहभागितामा एकदिने योजना तर्जुमा कार्यशाला सम्पन्न गरियो ।

उक्त कार्यशालामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका विधि र प्रकृयाको बारेमा छलफल गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) मा व्यवस्था गरे अनुरुप विभिन्न ७ वटा विषयगत क्षेत्रहरुको निर्माण, जिम्मेवारी बाँडफाँड र विषयक्षेत्रगत अगुवा र सदस्यहरुको सूची तयार गर्नुका साथै संयुक्त परामर्श कार्यशालाको तिथि र कार्यतालिका तय गरियो । सोही कार्यतालिकाको आधारमा २०७७ साल मंसिर ११ र १२ गते संयुक्त कार्यशालाबाट थप सूचनाहरु संकलन गर्नुका अतिरिक्त स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु, विषयगत क्षेत्रका सम्पूर्ण सदस्यहरु, उद्योग बाणिज्य संघ, सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरु, नगरपालिका लगायत विभिन्न सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा कार्यशाला सम्पन्न भयो । कार्यशालाबाट प्राप्त सूचना र जानकारीका आधारमा योजना मस्यौदा तयार गरी पुनः त्यसको प्रमाणिकरणका लागि नगरपालिकामा विषय क्षेत्रगत निकायसँग पुनः छलफल गरी प्राप्त पृष्ठपोषणका आधारमा गैडाकोट नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ तयार गरिएको छ ।

## २.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु

क) प्रस्तुत योजना गैडाकोट नगरपालिकासँग सम्बन्धित रहेको हुनाले यसको कार्यान्वयन सोही न.पा.मा सीमित हुनेछ

ख) प्रस्तुत योजना स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा कार्यान्वयन हुनेछ ।

ग) प्रस्तुत योजना गैडाकोट नगरपालिकको स्वीकृति पश्चात मात्र कार्यान्वयन हुनेछ ।

घ) विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापमा मात्र सीमित भएकोले अन्य प्रयोजनमा प्रयोगमा आउने छैन ।

## २.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न कार्यहरु

### (क) सामान्य पूर्वतयारीः

सामान्य पूर्वतयारी अन्तर्गत सम्बन्धित कामहरूमा विपद्का घटना घट्नुभन्दा पहिले गरिने, प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरणका क्रियाकलापहरु, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन औजार, सीप विकास, क्षमता विकास, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश गरिएको छ । यी सबै क्षमता र तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ताकि विपद्को अवस्थामा प्रतिकार्यका गतिविधिहरू समयमा नैं कार्यान्वयन गर्न सकियोस् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु

पनि पूर्वतयारीको कार्य हो । सामान्य पूर्वतयारीका कार्यहरुलाई विपद् हुनुभन्दा पहिलेदेखि नैं निरन्तर रुपले सञ्चालन गर्न सकियो भने त्यसबाट उत्पन्न हुने क्षतिलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ । नगरपालिका क्षेत्रमा वर्षभरी उत्पन्न हुने मौसमी प्रकोप र त्यसले निम्त्याउने विपद्प्रति लक्षित गरी हरेक महिना पूर्वतयारीका क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ । हरेक प्रकोपका घटना हुनु पूर्व गर्नुपर्ने पूर्वतयारीका क्रियाकलापहरु पनि फरक फरक हुने गर्दछन् । सामान्य पूर्वतयारीका क्रियाकलाप गर्दा प्रकोपको सम्मुखता हेरेर त्यसबाट सुरक्षित हुने उपायहरुको अवलम्बन गरिहाल्नु उपयुक्त हुन्छ । असारदेखि असोजसम्म बाढी र पहिरोको जोखिम हुन्छ । यस्ता प्रकोपको जोखिम न्यूनीकरणका लागि फागुनदेखि जेष्ठसम्म पूर्वतयारीका कार्यहरु व्यवस्थित रुपले गर्नुपर्दछ । खोला र नदी तटीय क्षेत्रमा छेकबाँध लगाउने, तार जालीको व्यवस्थापन गरी ग्याविन पर्खाल लगाउने, स्परहरुको निर्माण गर्ने, टेवा पर्खाल, फेदी पर्खाल लगाई जैविक प्रविधि बिस्तार गर्ने जस्ता कार्यहरु पूर्वतयारीकै सन्दर्भमा पर्दछन् । त्यसैगरी आपतकालीन समयमा खोज उद्धारमा संलग्न हुने मानव संसाधनको विकास गर्ने, विभिन्न कार्यदलहरुको गठन र उनीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने, पूर्वसूचना प्रणालीको विकास र सञ्चालन गर्ने, आपतकालीन सेवा प्रदायक संघ संस्थाहरुसँग नियमित समन्वय गरी त्यस्ता संस्थाहरुको सम्पर्क नम्बर अद्यावधिक गरिरहने जस्ता कार्यहरु पर्दछन् । त्यसैगरी आपतकालीन राहत व्यवस्थापन, खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने, औषधी भण्डारण, आपतकालीन खोज उद्धारका सामग्रीहरुको व्यवस्थापन र भण्डारण गरी नियमित अद्यावधिक गर्ने जस्ता पूर्वतयारीका क्रियाकलापहरु नियमित रुपले सञ्चालन गर्नुपर्दछ । त्यसैगरी नगरपालिकाको विपद् पूर्वतयारी योजना अनुरुप नियमित रुपमा कृत्रिम घटना अभ्यास सञ्चालन गर्ने, खानेपानीका श्रोतहरुको संरक्षण, अनुगमन तथा नीति, कानून, ऐन, योजना, रणनीति तथा कार्ययोजनाहरुको निर्माण र अद्यावधिक गर्ने र कार्यान्वयन गर्ने जस्ता क्रियाकलापहरु पनि सामान्य पूर्वतयारीका क्रियाकलाप अन्तर्गत पर्दछन् ।

### (ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारीः

यो चरणका क्रियाकलापहरू प्रकोपको प्रकृति, समय र सम्भावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गर्नुपर्दछ । सोही पूर्वानुमान र उपलब्ध अग्रीम समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु अत्यावश्यक हुन्छ । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्नेसम्मका क्रियाकलाप हुन सक्नेछन् । पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी भित्र प्रकोपको प्रकृति अनुसार अलग ढंगले पूर्वतयारी गर्नुपर्दछ । हावाहुरीको जोखिम भएको क्षेत्रका कच्ची घरहरुको अवस्था विश्लेषण गरी छानो कस्नेदेखि बाढीको पूर्वसूचनाका आधारमा जोखिमपूर्ण बस्तीहरुको सुरक्षित स्थानान्तरण गर्ने, पहिरोग्रस्त क्षेत्रका मानिसहरुलाई वर्षातको सूचनासँगै सतर्क गराई आवश्यक परे सुरक्षित स्थानमा स्थानान्तरण गर्ने सम्मका क्रियाकलापहरु यस प्रकारको पूर्वतयरीमा पर्दछन् । उदाहरणको लागि गैडाकोट नगरपालिकाको नारायणी नदी तटीय क्षेत्रमा बसोबास गर्ने परिवारहरुको जोखिमको अवस्था हेरी जल तथा मौसम विज्ञान विभागको सूचनाको आधारमा सतर्कता बढाउने र आवश्यकता परेमा पूर्वनिधारित सुरक्षित स्थानमा स्थानान्तरण गर्नु नगरपालिकाको जिम्मेवारी हुन आउँछ । यसरी स्थानान्तरण गरिएका परिवारहरुको आपतकालीन व्यवस्थापनका लागि खाद्य तथा गैरखाद्य सामग्रीको वितरण प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनकाा लागि नगरपालिकाले  यस्ता सामग्रीको भण्डारण गर्दा त्यस्ता परिवारको लगत पहिले नैं खडा गरेको हुनुपर्दछ ।

### (ग) आपतकालीन प्रतिकार्यका लागि पूर्वतयारीः

यस चरणका कामहरुमा विपद्जन्य प्रकोप आएको वा सम्भावित खतराको अवस्थामा तत्कालको आवश्यकता अनुसार गर्ने कार्यहरु समावेश गर्नु पर्दछ । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने प्रतिकार्यका क्रियाकलाप जस्तैः खोज, उद्धार, आपतकालीन राहत तथा उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने जस्ता गतिविधिहरू समावेश गनुपर्दछ । खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात परिस्थिति सामान्य नहुन्जेलसम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुनर्लाभका कार्यहरू यस चरणमा पर्दछन् । आपतकालीन प्रतिकार्यका लागि पूर्वतयारी शब्दबाट नैं स्पष्ट हुन्छ कि विपद्को समयलाई लक्षित गरेर गरिने पूर्वतयारीका क्रियाकलापहरु यसअन्तर्गत पर्दछन् । खासगरी पूर्वतयारीका क्रियाकलाप अन्तर्गत श्रोत, साधनको व्यवस्थापन र भण्डारण गरिन्छ, जनशक्तिको व्यवस्थापन र क्षमता विकासका काम गरिन्छ । पूर्वतयारीको चरणमा मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक पुँजीको व्यवस्थापन गरी संरक्षण गरिन्छ भने प्रतिकार्यको समयमा तिनै पाँच प्रकारका पुँजीको परिचालन गरिन्छ । यसो गर्नाले व्यक्ति, समुदाय र समग्र राष्ट्रको विपद् सामना गर्ने क्षमता मजबुत हुन्छ । मानव संसाधनको निर्माण तथा क्षमता विकास, खोज तथा उद्धार सामग्रीहरुको प्रभावकारी परिचालन, खाद्य तथा गैरखाद्य सामग्रीहरु र आवश्यक औषधीको समानुपातिक वितरण, अस्थायी आवास स्थलहरुको अनुगमन, स्वास्थ्य, खानेपानी, तथा सरसफाइ व्यवस्थापन, प्रभावकारी पूर्वसूचना प्रणालीको सञ्चालन, लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण, अनुगमन जस्ता कुराहरुमा ध्यान पुर्याउन सकेको खण्डमा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ र आपतकालीन अवस्थामा हुने थप क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ ।

# परिच्छेद ३

# गैडाकोट नगरपालिकाको विपद् जोखिमको अवस्था

## ३.१ बिगतका विपद्हरूको विश्लेषण

गैडाकोट नगरपालिका विभिन्न प्रकारका प्रकोप विपद् जोखिमको दृष्टिकोणले संकटासन्न रहेको छ । हरेक वर्ष नारायणी नदी र अत्यधिक वर्षा भएमा यस नगरपालिका भित्रका खहरे खोलाहरुमा आउने बाढी, कटान र डुवानका कारण यस नगरपालिकाले वर्षेनि जनधनको क्षति व्यहोर्दै आएको छ । यसका अतिरिक्त पूर्वपश्चिम राजमार्ग यस नगरपालिकाको बीच भागमा रहेका कारण सडक दुर्घटनाका घटनाहरु भैराख्ने र सडक दुर्घटनाको जोखिम बढ्दो छ । मानवीय क्षतिको हिसावले हेर्ने हो भने यस नगरपालिका भित्र सबैभन्दा बढी मानवीय क्षति सडक दुर्घटनाका कारण भएको देखिन्छ । त्यसैगरी बाढीले वडा नं. १ को ब्रिटिश क्यामप क्षेत्र डुवाउने गरको, वडा नं. २ मा २०० भन्दा बढी घर डुवाएको र १६५ घरहरु वगाएको थियो भने खेतियोग्य जमिनहरु वालुवामा परिणत गरेको, कुखुरा फारम, रेष्टुरेण्टहरु वगाएको, ढल निकासमा प्रभाव पारेको, वडा नं. ४ मा ४८५ घर डुवाएको पाइन्छ भने कटानले धेरै खेतियोग्य जमिनहरु वगाउने तथा डुवाउने गरेको छ । यस नगरपालिकाको उत्तरी क्षेत्र पहाडी भूभाग पर्ने भएकोले पहिरोले क्षति पुर्‍याउने गरेको पाइन्छ । पहिरोको कारण वडा नं. १५ मा ४ घर, वडा नं. १८ मा १४८ घरलाई क्षति पुर्‍याएको देखिन्छ । डेंगु र फ्लूले २०७० सालमा वडा नं. ४ मा महामारीको रुप धारण गरेको पाइन्छ । यस नगरपालिका क्षेत्रमा वन जङ्गलहरु धेरै भएको र चितवन राष्ट्रिय निकुञ्जको भाग समेत यस नगरपालिकामा पर्ने भएको कारणले गर्दा जङ्गली जनावरको आक्रमण भइनै राख्ने र यसले मानिस, पशुपन्छी लगायत खेतिवाली समेत क्षति पुर्‍याएको पाइन्छ । चट्याङ, हावाहुरीले वडा नं. १८ मा ४ घर ध्वस्त पारेको, आगोलागीको कारणले वडा नं. १ मा २० घर सखाप पारेको र डढेंलो, विद्युतिय करेण्ट लाग्नु, औद्योगिक दुर्घटना, खडेरी, शीतलहर, असिना, किट आतङ्क जस्ता प्रकोपका कारण जनधन, प्राकृतिक श्रोत साधनहरुको क्षति भएको अवस्था छ । हाल यस नगरपालिकामा स्तरीकृत प्रकोपको प्रकृति अनुसार भूकम्प र वर्तमान अवस्थामा कोलाहाल मच्चाइराखेको कोभिड -१९ महामारीलाई पहिलो प्राथमिकतामा राखीएको छ ।

## ३.२ कानूनी नीतिगत तथा संस्थागत व्यवस्था

### नेपालको संविधान, २०७२

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको संविधान २०७२ ले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रुपमा परिभाषित गर्नुका साथै राज्य सञ्चालनका लागि तीन तहको संरचनाको व्यवस्था गरी प्रत्येक तहको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद्, पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीको विषय बनाएको छ । साथै अनुसूची ८ मा विपद् व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयका रुपमा

समावेश गरेको छ भने धारा ५१ राज्यको नीतिहरुको खण्ड (ज) प्राकृतिक स्रोत साधनको संरक्षण सम्वर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद् पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

### विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन २०७५)

विपद व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गर्दै जारी भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विभिन्न तहगत संरचनाहरुको प्रवन्ध गरी विपद पूर्व, विपदको समयमा एवं विपद् पश्चातको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भूमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४

बिगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यहोरा उल्लेख गरेको थियो । साथै साबिकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्बन गरी विपदलाई समेत मुलप्रवाहीकरण गर्दै विपद् अनुकुलनका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो । हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको हो । उक्त ऐनको परिच्छेद ३ मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत विपद् व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ।

### विपद जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५

विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्बन गरिएको छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका श्रोत साधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरुपमा कमी गर्नु तथा तिनिहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहेको यस नीतिले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपदले पुर्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपदबाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य संघीय नीतिले लिएको छ ।

कोभिड-१९ को सम्भावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि नगरपालिकाले नगरपालिका स्तरिय निर्णय गरी राहत उपलब्ध गराएको छ । यस निर्णयको आधारमा राहत पाउने श्रमिक वर्ग तथा असहायहरुको अभिलेख सम्बन्धित वडा कार्यालयले राखेको छ ।

### गैडाकोट नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक २०७५

गैडाकोट नगरपालिका क्षेत्रभित्र विपद् व्यवस्थापनका सबै क्रियाकलापहरु समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका कारण उत्पन्न विपद्बाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनामा हुनसक्ने हानी नोक्सानीबाट संरक्षण गर्नका लागि विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नगरकार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७५ जारी गरेको छ । जस अन्तर्रगत तहगत संरचनाहरुको प्रवन्ध गरी विपद पूर्व, विपदको समयमा एवं विपद पश्चातको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भूमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

## विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७५

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित गर्न नगर कार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ । यस कार्यविधिले कोषको स्थापना, श्रोत, परिचालन र प्रयोगको विधिको स्पष्ट व्यवस्था गरेको छ ।

## ३.३ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु

गैडाकोट नगरपालिकाका विभिन्न प्रकोपका घटनाहरुको पहिचान गरी स्तरीकरण गरिएको छ । भूकम्पलाई नदाँज्दा यस नगरपालिकामा हरेक वर्ष दोहोरिन सक्ने प्रकोपहरुबीच तुलना गर्दा क्रमशः मानविय क्षतिका आधारमा बाढी, डुवान र कटान पहिलोमा, दोश्रोमा सडक दुर्घटना, तेश्रो स्थानमा वन्यजन्तुको आक्रमण, चौथौमा पहिरो र पाचौंमा आगोलागी रहेका छन् । यसका अलावा सर्पदंश, चट्याङ, हावाहुरी, नदी कटान, शीतलहर, करेण्ट लाग्नु र औद्योगिक दुर्घटना जस्ता प्रकोपका घटनाहरु छन् । तुलनात्मक रुपमा यस नगरपालिकाभित्र मानवीय कारणले उत्पन्न हुने प्रकोपका कारण विपद् निम्तिने खतरा रहेको छ । तुलनात्मक रुपले हेर्दा यस नगरपालिका भित्र सडक सञ्जालले सबै वडाहरुमा छोएको र पूर्व पश्चिम राजमार्ग बीच भागमा अवस्थित रहेको हुनाले सडक दुर्घटनाको उच्च जोखिम रहेको छ भने महामारी, हावाहुरी, पहिरो, आगोलागी, शीतलहर, करेण्ट लाग्नु र औद्योगिक दुर्घटना, वर्ड फ्लु, असिना र किट आतंक जस्ता प्रकोपको जोखिम न्युन रहेको देखिएको छ ।

## ३.४ सम्भाव्य प्रकोप आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन

गैडाकोट नगरपालिकामा भूकम्प, सडक दुर्घटना, जङ्गली जनावरको आतङ्क र महामारी जस्ता प्रकोपहरुको १२ महिना जोखिम रहेको छ भने बाढी पहिरोको असार, श्रावण र भदौमा उच्च जोखिम, जेठ र असोजमा मध्यम र बाँकी महिना न्युन जोखिम रहेको छ । सर्पदंश चैतदेखि असारसम्म उच्च जोखिम, श्रावण, भदौ र फागुनमा मध्यम जोखिम र असोजदेखि माघसम्म न्युन जोखिम रहेको देखिन्छ । हावाहुरी चैत, बैशाखमा उच्च जोखिम, फागुन र जेठमा मध्यम जोखिम र असारदेखि माघसम्म न्युन जोखिममा रहेको छ । त्यसैगरी चट्याङ चैतदेखि असारसम्म उच्च जोखिम, फागुनमा मध्यम जोखिम र असारदेखि माघसम्म न्युन जोखिम रहेको छ । शीतलहर मंसिर पुष र माघ उच्च जोखिम  र बाँकी नौ महिनामा न्युन जोखिम रहेको छ । गैडाकोट नगरपालिकामा चुरे

क्षेत्रमा पहिरोको जोखिम असार, श्रावण भदौमा उच्च अरु महिना न्युन जोखिम रहेको छ भने आगलागी चैत र बैशाखमा उच्च जोखिम, जेठ, असोज, कार्तिक र फागुनमा मध्यम जोखिम र बाँकी महिना न्युन जोखिम रहेको देखिएको छ । यसबाट नगरपालिकाका लागि पूर्वतयारी तथा प्रतिकार्यका कृयाकलापको पहिचान तथा प्राथमिकता निर्धारण गरी भावी योजना तर्जुमामा सहयोगी सिद्ध हुनेछ ।

| **सम्भावित विपद्को प्रकार (१ निम्न-५ उच्च)** | | | | | |
|---|---|---|---|---|---|
| **बाढी** | **पहिरो** | **आगोलागी** | **भूकम्प** | **सडक दुर्घटना** | **जङ्गली जनावरको आतङ्क,** |
| **५** | **२** | **१** | **५** | **४** | **३** |

**श्रोतः सामुदायिक छलफल**

माथिको विपद् जोखिम स्तरीकरणमा ५ अंकलाई उच्च जोखिम, ४ अंकलाई जोखिम र ३ अंकलाई मध्यम जोखिम मानिएको छ भने २ र १ अंकलाई कम जोखिममा राखिएको छ । ***(जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७/७८)***

**विपद् जोखिम बिश्लेषणको सूचक अनुसारको एकीकृत तालिका**

| **विपद्को क्षेत्र** | **उच्च जोखिम क्षेत्र** | **मध्यम जोखिम** |
|---|---|---|
| भूकम्प | स्थानीय तहका सबै क्षेत्र | |
| बाढी, डुवान र कटान | वडा नं. १, २, ४, ५, ६, ९, १०, १२, १३, १५, १६ | वडा नं.३, ७, ११, १७, १८ |
| सडक दुर्घटना | वडा नं. १४, १२, १६ | अन्य सबै न.पा. क्षेत्रका वडाहरु |
| आगोलागी | ५, १४ र १८ | अन्य सबै न.पा. क्षेत्रका वडाहरु |
| पहिरो | ७, १५, १८, | ११, १६ |
| जङ्गली जनावरको आतङ्क | वडा नं. १, २, ६, ९, १०, १३ | ५, १३, १५, १६, |

**श्रोतः सामुदायिक छलफल**

## ३.५ विपद् संकटासन्नता तथा क्षमता विश्लेषण

यो नगरपालिका दक्षिणी समथर भित्रि मधेश देखि उत्तरी महाभारत पर्वतसम्म फैलिएको छ । यो नगरपालिकाको भू-भाग नारायणी तटीय क्षेत्रमा पनि अवस्थित रहेको छ । नारायणी लगायत महाभारत पहाडबाट बग्ने विभिन्न खोला र खहरेहरुको बाढीका कारण हरेक वर्ष यस नगरपालिमा कुनै न कुनै प्रकारको क्षति पुगेको अवस्था रहेको छ ।

यस नगरपालिकामा पूर्वपश्चिम राजमार्गको केहि भाग रहेको र आसपासमा पर्याप्तमात्रामा स्थानीय सडकहरु निर्माण भई सञ्चालनमा आएको कारण सडक दुर्घटनामा परी मानिसहरुको मृत्यु हुने र घाइते हुने अवस्था बढेको छ । यस नगरपालिका भित्र छाडा चौपायाँहरुको निकै समस्या रहेको छ जसको कारण सडक दुर्घटनामा वृद्धि र खेतिवालीको नोक्सान समेत हुने गरेको छ । जङ्गली जनावर आतङ्क; मध्यवर्ती वन सिमानाका क्षेत्रहरु र चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रको सबै बस्तिमा प्रभावित देखिन्छन् । चट्याङ्गको प्रभाव भने सबै वडाहरुमा उत्तिकै सामान्य देखिन्छ । यस नगरपालिका भित्रका धेरैजसो घरहरु कच्चि, फुसका भएकोले र कतिपय

वस्तिहरु जङ्गलको नजिक समेत रहेकाले विषेशगरी सुख्खा मौसममा सामान्यतया आगोलागीको बढी नै जोखिम रहेको छ । पहिरोः वडा नं. ७, १५ र १८ मा पहिरोको प्रकोप उच्च देखिन्छ । हावाहुरीको प्रभाव नगरपालिका भरीमा सामान्य देखिन्छ । बाढी, नदी कटान र डुवानको प्रकोपको हिसावले जोखिममा रहेको नारायणी नदीको तटिय क्षेत्र, १, २, ४, ५, ६, ९, १०, १२, १३, १५, १६ प्रभावित देखिन्छ । यस नगरपालिका भित्र साना ठूला उद्योगहरु सञ्चालनमा रहेकाले औद्योगिक दुर्घटना को जोखिम रहेको छ । कहिलेकाँही विद्युतिय करेण्ट लाग्ने घटनाहरु समेत हुने गरेको छ । उल्लेखित प्रकोपका घटनाका अलावा रुख तथा भिरबाट लड्ने, घर तथा भौतिक संरचना निर्माणको क्रममा खस्नु वा लड्नु, खानी दुर्घटना जस्ता प्रकोपको संकटासन्नता यस नगरपालिका भित्र रहेको छ ।

त्यसैगरी समय समयमा नगरपालिका क्षेत्रभित्रका विभिन्न बस्ती तथा घरहरुमा लाग्ने आगलागीबाट घर तथा सम्पत्ति नष्ट हुने गरेको, शीतलहर, महामारी, चट्याङ जस्ता घटनाबाट पनि जनधनको क्षति हुने गरेको छ । भूकम्पीय जोखिमलाई मध्यनजर गरेर संरचना निर्माण गर्ने अभ्यास नभएकाले अधिकांश घरहरु अत्यन्तै संवेदनशील र भूकम्पीय दृष्टिकोणले उच्च जोखिममा रहेका छन् । यसरी विगतका प्रकोपले निम्त्याएका विपद्का घटनाहरु र त्यसले पारेको क्षतिको आधारमा र नगरपालिकाको संकटासन्नता र क्षमतालाई विष्लेषण गर्दा करिव २१०० घरधुरीहरु विपद्को हिसावले संकटासन्न देखिन्छ ।

नगरपालिकाको संकटासन्नताको अवस्थालाई न्युन गर्न क्षमता विस्तारका प्रयत्नहरु गर्न खोजिएको भएतापनि अझै सबलिकरण गर्नुपर्ने पाटोहरु धेरै छन् । नगरपालिकाको विपद् जोखिमलाई उल्लेख्य रुपमा न्यूनीकरण गर्न संस्थागत, आर्थिक र भौतिक संरचना विकासको क्षेत्रलाई जोखिम न्यूनीकरणको दृष्टिकोणबाट थप व्यवस्थित बनाउँदै लानु अपरिहार्य छ । हाल नगरपालिका तहमा नगर विपद् व्यवस्थापन समिति, १८ वटै वडाहरुमा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । कतिपय वडाहरुमा समुदाय तहमा सामुदायिक विपद् व्यवस्थापन समितिहरुको गठन भएको छ । स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापनासहित खोज तथा उद्धारका सामग्रीहरुको व्यवस्थापन गर्नुपर्ने भएको छ । यसरी नगरदेखि समुदाय स्तरसम्म बिस्तार गरी संस्थागत संरचनालाई बहु प्रकोप जोखिम न्यूनीकरणका लागि आवश्यक क्षमता अभिवृद्धिका क्रियाकलाप आवश्यक छ । विपद् व्यवस्थापनका लागि बार्षिक बजेट छुट्याउने गरिएको भएपनि आर्थिक वर्षको अन्त्यमा रकमान्तर गरि बाँकी रकम अन्य प्रयोजनमा लगाइने हुनाले स्थाई कोषको व्यवस्था नितान्त आवश्यक छ । विपद् पूर्वसूचनालाई व्यवस्थित रुपले अघि बढाउन समुदायमा कार्यदलहरुको निर्माण गर्नुपर्ने छ । तथापि सरोकारवालाहरुको क्षमता विकास हुन नसकेका कारण नगरपालिकाको संकटासन्नता बढेको देखिन्छ ।

मानव संसाधनका दृष्टिकोणले गैडाकोट नगरपालिकामा भूकम्प प्रतिरोधि घर निर्माण गर्न सक्ने मिस्त्रिहरु ७०० भन्दा बढीको संख्यामा रहेका छन् भने पौडीबाजहरु ४५५ भन्दा माथिको संख्यामा, प्राथमिक उपचारको तालिम प्राप्त व्यक्तिहरु ७१, ग्रामिण महिला स्वास्थ्य कार्यकर्ता ४५, मनोसामाजिक परामर्शदाता ७ जना, तारजाली बुन्न सक्ने जनशक्ति १५ जना, अस्थायी आवास निर्माण गर्नसक्ने ३०५ जना, शव व्यवस्थापन गर्नसक्ने जनशक्ति ७० जना, विपद व्यवस्थापन सम्वन्धी तालिम दिन सक्ने जनशक्ति ५ जना, अग्नी नियन्त्रकहरु २ जनाको संख्यामा रहेका छन् । उल्लेखित मानव संसाधानको अवस्थालाई र्हेदा यो नगरपालिकाको अवस्था त्यति मजबुद देखिँदैन । हालसम्म नगरपालिकामा विपद् प्रतिकार्यका लागि पूर्णरुपमा सुरक्षा निकायमा निर्भर रहनुपर्ने अवस्था छ । खोज तथा उद्धारका लागि तालिम प्राप्त जनशक्ति, प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति, पूर्वसूचना तालिम प्राप्त जनशक्तिको अवस्था कमजोर रहेको हुनाले पर्याप्त

मात्रामा क्षमता विकासका कार्यक्रम सञ्चालन गनुपर्ने छ । त्यस्तै नगरपालिका भित्र २० वटा जति भूकम्प प्रतिरोधि विद्यालय भवन र विद्यालय भवनका चौरहरु जसमा करिव ८,००० को संख्यामा मानिसहरु अट्न सक्ने देखिन्छ भने सुरक्षित आवास सामुदायिक र सबार्वजनिक घर १७ वटा, आश्रय लिन सक्ने मन्दिर र चर्च गरी ३४ वटा छन् भने १६ वटा भन्दा बढीको संख्यामा डुङ्गाहरु, १५३ वटा अग्नी नियन्त्रण सेटहरु, खोज तथा उद्धारका सामाग्रि सेट २ थान, ६ वटा स्वास्थ्य चौकी रहेका छन् । बाल क्लव ५१ महिला बचत समूह ८४ बैङ्क तथा वित्तीय संस्था ८ वटा र यस नगरपालिकामा नाम चलेका ख्यातिप्राप्त सहकारीहरु सञ्चालनमा रहेका छन् भने सहकारीको संख्या २२ भन्दा माथि रहेको छ, बाँस भएको वस्ति प्रशस्थ रहेको, खेतियोग्य जमिन र वन जङ्गल पनि प्रशस्थ रहेको छ । कानूनी दृष्टिकोणले हालसम्म नगर स्तरिय विपद् व्यवस्थापन विधेयक २०७५ निर्माण भएको, विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना बन्दै गरेको अवस्था रहेकोले आगामी दिनमा जोखिम न्यूनीकरणका लागि आवश्यक नीति नियम निर्देशिका निर्माणका लागि मार्ग प्रशस्त गरको छ ।नगरपालिका भित्र वडा नं १ मा हेलीप्याड रहेको छ ।

## ३.६ विपद् जोखिम आँकलन तथा नक्शाङ्कन

नगरपालिकाको भौगोलिक अवस्थिति, विपद्को सामना गर्ने आर्थिक, भौतिक, संस्थागत क्षमताले विपद संकटासन्नता निर्धारण गरेको छ । प्राकतिक कारणबाट हुने प्रकोपका घटनामा मानवीय क्रियाकलापले ती घटनाको आवृत्ति र क्षतिको मात्रामा निरन्तर वृद्धि भइरहेको छ । यस सन्दर्भमा स्थानीय तहको जनप्रतिनिधि तथा समुदायका जानकार व्यक्तिहरुले दिएको सूचनाको विश्लेषणका आधारमा खासगरी, भूकम्प, बाढी, डुवान तथा कटान, जङ्गली जनावरको आक्रमण, सडक दुर्घटना, पहिरो, आगोलागी, सर्पदशं, चट्याङ्ग, हावाहुरी, शीतलहरबाट प्रभावित हुने जनसंख्याको पूर्वानुमान गरेको छ ।

- गैडाकोट नगरपालिकाका नारायणी नदी लगायत अन्य खहरे खोलाहरुको प्रभाव क्षेत्र भित्र रहेका अधिकांश बस्तीहरुमा वर्षेनि नदीमा आउने बाढीका कारण कटान र डुवान हुने गरेको छ ।
- अधिकांश स्थानमा तटबन्ध निर्माण गर्न बाँकी भएकाले वर्षेनी कटान हुँदा धेरै जमिन बगरमा रुपान्तरण भैसकेको छ । मानिसहरुले गरेको अतिक्रमणका कारण र नदिजन्य सामग्रीको दोहनले खोलाहरु कतिपय स्थानमा साँघुरो हुँदै गएको र धार परिवर्तन हुँदा बाढीको कटान बढ्दै गएको छ ।
- २० प्रतिशत भन्दा बढी कच्ची घर संरचना भएको र भूकम्पीय जोखिमलाई मध्यनजर गरेर संरचना निर्माण गर्ने अभ्यास नभएकाले अधिकांश घरहरु अत्यन्तै संवेदनशील र भूकम्पीय दृष्टिकोणले उच्च जोखिममा रहेका छन् । २०७२ साल बैष्शाख १२ र २९ गतेको विनाशकारी भूकम्पले  नगरपालिकाका निजी तथा सार्वजनिक संरचनाहरुमा दरार पैदा गरी कमजोर पारेको कारण जोखिमको संम्भावना उच्च नै रहेको छ । Humanitarian Country Team (HCT) and key partners engaged Durham University ले गरेको अध्ययन अनुसार नेपालको मध्य तथा सुदुर पश्चिम भागमा भूकम्प जान सक्ने सम्भावना रहेको र ठूलोमात्रामा जनधनको क्षति हनुसक्ने अनुमान गरेको छ । नेपाल राष्ट्र नैं भूकम्पको उच्च जोखिममा रहेको हुनाले यस देवचुली  नगरपालिका पनि यस प्रकोपबाट अछुतो छैन ।
- धेरै घरहरुमा व्यवस्थित वायरिङ नभएको कारणले पनि विद्युतिय दुर्घटनाको सम्भावना पनि छ ।
- बजारक्षेत्र र पूर्वपश्चिम राजमार्गमा सानाठुला सडक दुर्घटनाका घटनाहरु भइरहन्छन् । त्यसमाथि पनि फुटपाथ नभएकोले, झनै सडक साँघुरिदै गएको र सवारी चाप बढेकाले सडक दुर्घटना बढेको छ ।
- हाल विश्वब्यापी रुपमा कोरोनाको प्रकोपबाट यस नगरपालिका पनि मुक्त हुन सकेको छैन ।
- यस नगरपालिका भित्र ठूलासाना उद्योगहरु सञ्चालनमा रहेकाले औद्योगिक दुर्घटनाको सम्भावना पनि छ ।

- यी लगायतका अनेकन समस्याहरु भएतापनि व्यवस्थित रुपमा योजना तयार गरी जोखिम न्यूनीकरण र पूर्वतयारीका कामहरु हुनसकेका छैनन् ।

यी माथि उल्लेखित प्रकोपका अतिरिक्त महामारी, हावाहुरी, आगलागी, चट्याङ, रुखबाट लड्ने, घर तथा भौतिक संरचना निर्माणको क्रममा खस्नु वा लड्नु, खानी दुर्घटना आदिका कारणले पनि नागरिकहरुलाई आक्रान्त पारेको अवस्था छ । प्रकोपहरुको जोखिम आगामी दिनमा अझै बृद्धि हुनसक्ने सम्भावना रहेको देखिन्छ ।

### ३.७ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण

नवलपरासी (व.सु. पूर्व) वर्षाले गर्दा अचानक आउने बाढीको कारण धेरै भन्दा धेरै बस्ति प्रभावित हुने गर्दछ, त्यसैले जिल्लाको बाढी पुर्वानुमान मुख्यतया वर्षाको थ्रेसहोल्डमा आधारित छ ।

बाढीको जोखिमा रहेका गैडाकोट नगरपालिकाका नारायणी नदी तटीय क्षेत्रका समुदायहरु नरायणी नदीमा स्थापित पूर्वसूचना प्रणालीले प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । पूर्वसूचनालाई समुदायसम्म पुर्याउन पूर्वसूचना प्रणाली सञ्चार संयन्त्रको स्थापना गर्नुपर्ने देखिन्छ ।

## सरोकारवाला निकाय, संस्थाहरूको विवरण लेखाजोखा

गैडाकोट नगरपालिकामा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यहरुमा संलग्न हुने विषयगत कार्यालयहरु सरोकारवाला निकाय तथा संघसंस्थाहरुको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

## ३.८ विषयगत क्षेत्रहरु

### विषयगत क्षेत्र (Cluster) को परिचयः

विपदबाट प्रभावितहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउने सन्दर्भमा विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा जिम्मेवारीको बाँडफाँड नैं विषयगत क्षेत्रको रुप हो । उद्धार तथा राहत, पूर्वसूचना र समन्वय, खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन, सुरक्षा तथा संरक्षण, शिक्षा जस्ता विषयमा विशेषज्ञता हासिल गरेको समूहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिँदा मानवीय सहयोगको कार्य व्यवस्थित र प्रभावकारी बन्ने अवधारणाका साथै क्षेत्रगत अवधारणालाई विपद्बाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउने गरी गरिएको कार्यविभाजन भनेर पनि बुझ्न सकिन्छ । क्षेत्रगत अवधारणाका प्रमुख विशेषता देहायअनुसार रहेका छन्:

- विपद्को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- विपद् प्रतिकार्य (खोज, उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।

- प्रतिकार्यमा देखिएका कमी कमजोरीमा सुधार गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकता अनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

**विषयगत क्षेत्रको उद्देश्य**

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहायअनुसार रहेका छन्:

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,

२. आपतकालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,

३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,

४. समन्वय र समझदारी अभिवृद्धि गर्नु,

५. क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

**विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरू**

यस योजनामा निम्नअनुसार गैडाकोट नगरपालिकामा ७ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको नेतृत्व गर्ने निकायले अन्य सदस्यसँग समन्वय गरी काम गर्नेछन् ।

(१) खोज, उद्धार तथा पूर्वसूचना र समन्वय विषयगत क्षेत्र

(२) आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्र

(३) कृषि तथा खाद्य विषयगत क्षेत्र

(४) स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण विषयगत क्षेत्र

(५) संरक्षण विषयगत क्षेत्र

(६) शिक्षा विषयगत क्षेत्र

(७) राहत पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्र

### ३.८.१ खोज तथा उद्धार, पूर्वसूचना र समन्वय बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | छत्रराज पौडेल | मेयर | ९८५७०४०५६५ |
| २ | नगर कार्यपालिका | विष्णु प्रसाद भुषाल | प्र.प्र.अ. | ९८५७६३९१११ |
| ३ | प्रहरी कार्यालय | चन्द बहादुर थापा | प्र.स.नी | ०७८-५०११९९ |
| ४ | नगरपालिका प्राविधक शाखा | राजु अर्याल | प्राविधक शाखा | ९८४५३५५००२ |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमुख | |
| ५ | वडा प्रतिनिधि | चोलानाथ उपाध्याय | वडाध्यक्ष | ९८४५०९०१२५ |
| ६ | वडा प्रतिनिधि | धुब्रराम पौडेल | वडाध्यक्ष | ९८५५०५५२८६ |
| ७ | युवा क्लब (VDRC) | लक्ष्मी गौतम | अध्यक्ष | ०७८-५०११७२ |
| ८ | नगरपालिका सूचना शाखा | लिलाधर शर्मा | अधिकृत | ९८५५०८१६४१ |
| ९ | नगरपालिका विपद् व्यवस्थापन शाखा | शंकर कडेंल | अधिकृत | ९८५५०८२४२३ |

## ३.८.२ आपतकालीन आवास तथा गैरखाद्य बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | विष्णु कुमारी कडेंल | उप मेयर | ९८५५०११६०१ |
| २ | प्रहरी कार्यालय | चन्द बहादुर थापा | प्र.नि. | ०७८-५०११९९ |
| ३ | वडा प्रतिनिधि १ नं. वडा | हरि प्रसाद सापकोटा | वडाध्यक्ष | ९८४५०६८५३३ |
| ४ | सामुदायिक वन उपभोक्ता महासंघ | डिल्लीराम सापकोटा | अध्यक्ष | ९८४५५१८२७८ |
| ५ | उद्योग बाणिज्य संघ | अमृत भट्टचन्द | अध्यक्ष | ९८५५०५६६६७ |
| ६ | विद्यालय व्यवस्थापन समिति प्रतिनिधि | बालकृष्ण चापागाई | अध्यक्ष | ९८५११७३७४७ |

## ३.८.३ कृषि तथा खाद्य बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका कृषि विकास शाखा | राजु प्रसाद शर्मा | शाखा प्रमुख | ९८५७६२९८४९ |
| २ | नगरपालिका पशु सेवा शाखा | प्रमोद कु. पौडेल | पशु सेवा प्राविधिक | ९८४५२०६४३२ |
| ३ | नेपाल रेडक्रस सोसाइटी उपशाखा | | उपसभापति | |
| ४ | कृषि सहकारी संस्था प्रतिनिधि | | अध्यक्ष, कृषि सहकारी | |
| ५ | स्थानीय उद्योगी व्यपारी | दिपक सापकोटा | गैडाकोट एग्रौ | |
| ६ | वडा प्रतिनिधि ३ नं. वडा | शिव कान्त तिवारी | वडाध्यक्ष | ९८४५०४५७५३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | कृषि क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि(VDRC) | भिम प्रसाद आचार्य | पोषण सहजकर्ता (सुआहारा) | ९८०१३३७७०७ |

### ३.८.४ स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका स्वास्थ्य शाखा | झलकराज पौडेल | शाखा प्रमुख | ९८५६०४५९३३ |
| २ | नगरपालिका आवास संयोजक | विष्णु कुमारी कडेंल | उप मेयर | ९८५५०११६०१ |
| ३ | नेपाल रेडक्रकस सोसाइटी उपशाखा | | उपसभापति | |
| ४ | वडा प्रतिनिधि ५ नं. वडा | नवराज कंडेल | वडाध्यक्ष | ९८५५०५५५२४ |
| ५ | स्वास्थ्य चौकी वार्ड नं. १ | | | वार्ड नं. १ |
| ६ | स्वास्थ्य चौकी वार्ड नं. ३ | | | वार्ड नं. ३ |
| ७ | भेडाबारी नगर अस्पताल वार्ड नं. ११ | | | वार्ड नं. ११ |
| ८ | स्वास्थ्य चौकी वार्ड नं. ४ | | | वार्ड नं. ४ |
| ९ | स्वास्थ्य चौकी वार्ड नं. ५ | | | वार्ड नं. ५ |
| १० | स्वास्थ्य चौकी वार्ड नं. ६ | | | वार्ड नं. ६ |
| ११ | स्वास्थ्य चौकी वार्ड नं. १६ | | | वार्ड नं. १६ |
| १२ | स्वास्थ्य चौकी वार्ड नं. १२ | | | वार्ड नं. १२ |

### ३.८.५ संरक्षण विषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका महिला तथा बालबालिका शाखा | सीता कु. लामिछाने पौडेल | शाखा प्रमुख | ९८४५०८५३६९ |
| २ | ईलाका प्रहरी कार्यालय | चन्द बहादुर थापा | प्र.नि. | ०७८-५०११९९ |
| ३ | नेपाल रेडक्रकस सोसाइटी उपशाखा | | सभापति | |
| ४ | वडा प्रतिनिधि वडा नं. १४ | कोकिसरा राना मगर | वडाध्यक्ष | ९८४७१२१७५१ |
| ५ | महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि (VDRC) | लक्ष्मी गौतम | अध्यक्ष | ०७८-५०११७२ |

### ३.८.६ शिक्षा विषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका शिक्षा शाखा | बालकृष्ण चापागाई | शाखा प्रमुख | ९८५११७३७४७ |
| २ | वडा प्रतिनिधि वडा नं. १५ | रामकुमार श्रेष्ठ | वडाध्यक्ष | ९८४७२९७१३३ |
| ३ | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | | उपसभापति | |

### ३.८.७ राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **१** | नगरपालिका | छत्रराज पौडेल | मेयर | ९८५७०४०५६५ |
| २ | नगरपालिका पुर्वाधार विकास शाखा | राजु अर्याल | शाखा प्रमुख | ९८५५०८२९३५ |
| ३ | वडा प्रतिनिधि वडा नं. १८ | तिल बहादुर चितौरे मगर | वडाध्यक्ष | ९८४७४२०५४२ |
| ४ | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | | उपसभापति | |
| ५ | नेकपा | षडानन्द लामिछाने | अध्यक्ष | |
| ६ | नेपाली कांग्रेस | तारापति खरेल | सभापति | ९८५५०६१३४१ |
| ७ | चेम्बर्स अफ कमर्स | सोम काप्री | प्रतिनिधि | ९८५५०६३०३४ |

# परिच्छेद – ४

# सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)

## ४.१ सामान्य पूर्वतयारी योजना

विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न स्थानीय विपद् व्यवस्थापन समितिले विभिन्न गतिविधि गर्नेछ । विपद् पूर्वतयारीका साथै विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण विधिलाई मुलप्रवाहीकरण गर्ने सोच अघि बढाउन र यस योजनाको नियमित रूपमा अध्यावधिक गर्न निम्न रणनीतिक क्रियाकलापहरु समावेश गरिएको छः

| क्र.सं. | रणनीतिक क्रियाकलाप | जिम्मेवारी | समयावधि |
|---|---|---|---|
| १ | जोखिमपूर्ण सडकहरुको मर्मत सम्भार र स्तरोन्नती गर्ने र हरेक टोलसुधार समितिमार्फत ट्राफिक नियमको सचेतना अभियान सञ्चालन गरी समूदायमा बिस्तार गर्ने । | वडा समिति स्थानीय ट्राफिक प्रहरी | २०७७ मसान्त भित्र |
| २ | ट्राफिक प्रहरीसँगको सहकार्यमा सम्भावित र बारम्बार दुर्घटना भएका स्थानहरुमा आवश्यक सचेतना बोर्ड राख्ने, घुम्ती सडकहरुमा रिफ्लेक्सन ऐनाको व्यवस्था गर्ने, सडक लेनको मार्किङ गर्ने । चोक चोकमा ट्राफिक प्रहरीको व्यवस्था गर्ने, यातायातको गति जाँच गर्ने, ठाउँठाउँमा सि.सि. क्यामेरा जडान गर्ने लगायत सडक सुरक्षाका कार्य गर्ने । | नगरपालिका स्थानीय, ट्राफिक प्रहरी | २०७७ मसान्त भित्र |
| ३ | नगरपालिका भित्रका स्वास्थ्य चौकीहरुमा एन्टिभेनम र एम्वुलेन्स तयारी अवस्थामा राख्ने । | नगरपालिका, स्वास्थ्य शाखा, स्वास्थ्य संस्था | नियमित |
| ४ | अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आपतकालीन अवस्थाको लागि औषधी तथा सामग्रीहरुको जोहो गरिराख्ने । | नगरपालिका, स्वास्थ्य शाखा, | नियमित |
| ५ | बाढी संकटासन्न वडामा रहेका सामूदायिक विपद् व्यवस्थापन समितिहरुलाइ आवश्यक थप डुङ्गा, हेण्ड माइक, डोरी, लाइफ ज्याकेट, ट्युव, सिठ्ठी, साइरन आदिको व्यवस्था गर्ने ।<br>पूर्व सूचना प्रणालीको व्यवस्था गर्ने । | नगरपालिका स्थानीय विपद् व्यवस्थापन समिति | २०७७ चैत्र |
| ६ | नगरपालिका भित्रका उद्योगधन्दाहरुका मालिक देखि मजदुरसम्मलाई औद्योगिक दुर्घटनाका बारेमा सचेत गराउने | नगरपालिका, उद्योग वाणिज्य संघ | २०७८ वैशाख |
| ७ | नगरपालिकाका १८ वटै वडाबाट ३६ जना युवालाई खोज तथा उद्धार तालिम उपलब्ध गराउन सशस्त्र प्रहरी बल कुरिनटार चितवनसँग समन्वय गर्ने । | नगरपालिका स्था.वि.व्य.स. | २०७८ अषाढ |
| ८ | विपन्न वस्तिहरुमा जाडो शुरु हुनु अघि नै न्यानो लुगाको व्यवस्थापन गर्ने र जाडोको मौसममा आगो वाल्ने दाउराको जोहो गर्ने | नगरपालिका स्था.वि.व्य.स. | २०७८ कार्तिक |
| ९ | विद्यालयहरूको जोखिमको आधारमा वर्गिकरण गर्दै सुरक्षा योजना तयार गर्ने, आकश्मिक योजना बनाउने | शिक्षा विषयगत क्षेत्र, विद्यालय व्यवस्थापन समिति प्रतिनिधि | २०७८ जेष्ठ |
| १० | जीविकोपार्जनका साधनहरूको (गाईपालन, बाख्रापालन, | खाद्य तथा कृषि | २०७८ अषाढ |

| | | | |
|---|---|---|---|
| | माहुरी पालन, सुँगुर र कुखुरा फारमहरू, माछा पोखरी, तरकारी खेती लगायत सेवामूलक अन्य पेशा तथा व्यवसाय आदि) सुरक्षाका उपायहरू बारे योजना बनाउने । | विषयगत क्षेत्र, नगरपालिका | |
| ११ | बाढीको निकास सफा रहेका सुनिश्चित गर्ने, संबेदनशील संरचनाको मजबुतीपना लेखाजोखा गर्ने | नगरपालिका प्राविधिक, वडा अध्यक्षहरु | २०७८ जेष्ठ |
| १२ | पूर्वतयारी बारेमा राजनैतिक दल र नागरीक समाजका लागि संयुक्त अभिमुखीकरण गर्ने | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी | २०७७ चैत्र |
| १३ | कार्यसञ्चालन विधि सहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने | नगरपालिका र वडाहरु, स्था.वि.व्य.समिति | २०७८ वैशाख |
| १४ | नगरपालिकाभित्र रहेका खुल्लास्थानहरुको पहिचान गर्ने र वडा कार्यालयमा सूचीकृत गर्ने, आपतकालीन आश्रयस्थलहरू पहिचान गरी सूची तयार गर्ने र आपतकालीन आश्रयस्थलमा आधारभूत भौतिक संरचना र सुविधाको विकास गर्ने । | नगरपालिका स्था.वि.व्य.स. | २०७७ फागुन |
| १५ | सुरक्षा निकायहरु, छिमेकी स्थानीय तहहरु, रेडक्रस, एम्बुलेन्स विषयगत क्षेत्रगत निकाय स्थानीय जनप्रतिनिधिहरुको सम्पर्क नम्बर संकलन गरी घरघरमा रहने गरी व्यवस्था गर्ने । | नगरपालिका, वडा समिति, स्था.वि.व्य.स. | २०७७ फागुन |
| १६ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई स्थापना गरी भविष्यमा २४ घण्टा सञ्चालनमा ल्याउने । | नगरपालिका स्था.वि.व्य.स. | २०७८ अषाढ |
| १७ | नगरस्तरीय विपद् व्यवस्थापन कोषको स्थायित्वको लागि बैंक खाता सञ्चालन गरी परिचालन गर्ने । | नगरपालिका स्था.वि.व्य.स. | २०७७ फागुन |
| १८ | बाढी पूर्वतयारीका लागि कृत्रिम घटना अभ्यास तालिमको आयोजना गर्ने र विद्यालयमा कृत्रिम घटना अभ्यास गर्ने । | नगरपालिका, शिक्षा शाखा, विद्यालय | २०७८ जेष्ठ भित्र |
| १९ | बाहिरी देश तथा जिल्लाबाट आउने मानिसहरुलाई नगरपालिकाले स्थापना गरेको क्वारेन्टाइनमा राख्ने | नगरपालिका, स्वास्थ्य शाखा | नियमित |
| २० | कोरोना संक्रमितहरुको अवस्था अद्यावधिक गरिराख्ने । | नगरपालिका, स्वास्थ्य शाखा | नियमित |
| २२ | कोरोना संक्रमितहरुको परीक्षणलाई निरन्तरता दिने | नगरपालिका, स्वास्थ्य शाखा | नियमित |
| २३ | पूर्व मनसुन कार्यशालाको आयोजना गरी सम्भावित विपद्को लागि सरोकारवाला सबै निकायहरुलाई तम्तयारी अवस्थामा राख्ने । | नगरपालिका | २०७८ बैशाख भित्र |
| २४ | सबै कार्यदलका सदस्यहरु र सहयोगी निकायका मुख्य व्यक्तिहरुको अद्यावधिक सूची तयार गर्ने । | स्वास्थ्य केन्द्र | २०७७ फागुन |
| २५ | प्रारम्भिक लेखाजोखा, मुल्याङ्कन र विस्तृत घरधुरी सर्बेक्षण फारम तथा प्रारूप तयार गर्ने । | नगरपालिका | २०७७ भित्र |
| २६ | बाढीको पूर्वसूचना प्रणालीको स्थापना र बिस्तार र प्रभावकारिताको लागि सामूदायिक विपद् व्यवस्थापन समितिसँग सहकार्य गर्ने । | वडा कार्यालयहरु | २०७७ अषाढ भित्र |
| २७ | विपद् जोखिम व्यवस्थापनबारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने र सरोकारवालाको क्षमता विकासका लागि | स्था.वि.व्य.स. | नियमित |

| | | | |
|---|---|---|---|
| | काम गर्न संस्थाहरूबीच समन्वय गरी निजी क्षेत्रसमेतको सहभागिता सुनिश्चित गर्ने । | | |
| २८ | हरेक वडाका सामूदायिक विपद् व्यवस्थापन समितिहरुलाई वडाकार्यालयमा सूची दर्ताका लागि आव्हान गर्ने । | वडा कार्यालय | २०७७ साल भित्र |
| २९ | नगरपालिका भित्र कमसेकम २ स्थानमा हेलीप्याड निर्माण गर्ने | नगरपालिका | २०७७ अषाढ भित्र |
| ३० | नगरपालिकाका सबै टोल वस्तिहरुमा पुग्ने गरी दमकलको व्यवस्था गर्ने । | नगरपालिका, उद्योग वाणिज्य संघ | २०७८ आश्विन |
| ३१ | विपद् व्यवस्थापन सम्बन्धी प्रारम्भिक दुत लेखाजोखा तालीम गर्ने | नगरपालिका, नेपाल रडक्रस सोसाइटी | २०७७ चैत्र भित्र |
| ३२ | वातावरण, सरसफाइ तथा विपद् सतर्कता सम्बन्धी मौसम अनुसार एफ.एम.मार्फत सूचना प्रशारण | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र | निरन्तर |

# परिच्छेद – ५

# पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (बाढी)

## ५.१.मनसुन आपत्कालिन कार्ययोजना

नेपाल बाढीको पुर्वानुमान प्रणाली विकासको सन्दर्भमा प्रारम्भिक चरणमा छ । आजसम्म पनि नदी जलाधार सम्बन्धी निर्धारणात्मक हाइड्रोलोजिकल मोडेल सञ्चालित भएका छैनन् । त्यसैले नवलपरासी जिल्ला (व.सु. पूर्व) र देशको अन्य बाढी जोखिम क्षेत्रहरुमा सञ्चालित पूर्वसूचना प्रणाली पूर्णरुपले नदी र वर्षाको तात्कालिक अनुगमनमा आधारित छन् । यस सामान्य प्रणालीको एक प्रमुख कमजोरी विशेष गरी भिरालो पहाडी क्षेत्रदेखि उत्पन्न भएका नदीहरुमा विपद् प्रतिकार्यका लागि ज्यादै कम समय (२/३ घण्टा भन्दा पनि कम) उपलब्ध हुनु हो । नवलपरासी (व.सु. पूर्व) नवलपुर जिल्ला पनि वर्षाले गर्दा अचानक आउने बाढीको कारण धेरै प्रभावित हुने गर्दछ, त्यसैले जिल्लाको बाढी पुर्वानुमान मुख्यतया वर्षाको थ्रेसहोल्डमा आधारित छ । यो योजना मनसुन आपत्कालिन कार्ययोजनालाई आधार मानि तयार पारिएको हो ।

### ५.१.१ मनसुन आपत्कालिन कार्ययोजना

| | जिल्ला प्रशासन कार्यालय अर्न्तगत | | | | |
|---|---|---|---|---|---|
| क.सं. | कियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन |
| १ | जल तथा मौसम बिज्ञान बिभाग बाट पूर्व सूचना लिई मातहतका निकायलाई जानकारी दिने (नवलपुर क्षेत्रको बर्षा मापन केन्द्र डण्डाबाट समेत जानकारी लिने) | नगरपालिका विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय, जल तथा मौसम बिज्ञान बिभाग, वाढी पूर्वानुमान शाखा, पत्रकार महासंघ, सशस्त्र प्रहरी बल | निरन्तर | |
| २ | न्यूनतम उद्धार सामाग्री सहित खोज तथा उद्धारमा खटिनको लागि पूर्वतयारी योजना तयार पार्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| ३ | Heavy Equipment रणनीतिक स्थानमा राख्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, सडक डिभिजन कार्यालय, पूर्वाधार विकास कार्यालय, नगरपालिका विपद् व्यवस्थापन समिति र सम्बन्धित वडाहरु | जिल्ला विपद व्यवस्थापन समिति, निर्माण व्यवसायी संघ तथा उद्योग बाणिज्य संघ | निरन्तर | |
| ४ | LEOC तथा Cluster लाई Alert राख्ने | नगरपालिका विपद व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समिति | निरन्तर | |
| ५ | राहत सामाग्रीको भण्डार | नगरपालिका तथा | जिल्ला प्रशासन कार्यलय र | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अद्यावधिक र अनुगमन गर्ने | वडा बिपद् व्यवस्थापन समितिहरु | नेपाल खाद्य संस्थान | | |
| ६ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गर्ने | नगरपालिका बिपद् व्यवस्थापन समिति | बिषयगत क्षेत्रका अगुवाहरु | निरन्तर | |
| ७ | विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने | नगरपालिका र वडा विपद् व्यवस्थापन समितिहरु | नेपाल सरकार, प्रदेश सरकार तथा सहयोगी निकायहरु | निरन्तर | |
| ८ | सुरक्षा निकाय तयारी अवस्थामा रहने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| | **नगरपालिका अर्न्तगत** | | | | |
| १ | स्थानीय एफ एम तथा पत्रिकाबाट मनसुन पूर्व सूचना प्रचार प्रसार गर्ने | नगरपालिका | नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | निरन्तर | |
| २ | मनसुन सम्बन्धी आवश्यक सतर्कता अपनाउने | नगरपालिका विपद् व्यवस्थापन समिति तथा वडाहरु | नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | निरन्तर | |
| ३ | सम्भावित विपद् लगत्तै Data Collection र Response को लागि, कर्मचारी र स्थानीय स्वयम् सेवक तयारी र परिचालन गर्ने | नगरपालिका विपद् व्यवस्थापन समिति तथा वडाहरु | नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | निरन्तर | |
| ४ | न्यूनतम Logistics व्यवस्थापन गर्ने | नगरपालिका विपद् व्यवस्थापन समिति तथा वडाहरु | नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | निरन्तर | |
| ५ | विपद् व्यवस्थापन कोषमा रकम राख्ने | नगरपालिका तथा वडाहरु | अ./गै.स.स., निजी क्षेत्र, नागरिक समाज/मञ्च र नागरिक सचेतना केन्द्रहरु | निरन्तर | |
| | **स्वास्थ्य शाखा अर्न्तगत** | | | | |
| १ | पानीजन्य सरुवा रोग र महामारी फैलन नदिने | स्वास्थ्य शाखा, नगरपालिकाका अस्पतालहरु, प्राथामिक स्वास्थ्य चौकी, स्वास्थ्य चौकी | जिल्ला स्वास्थ्य कार्यालय | निरन्तर | |
| २ | स्वास्थ्य कर्मीको परिचालन | स्वास्थ्य शाखा | जिल्ला स्वास्थ्य कार्यलय | तत्काल | |
| ३ | रोग हुने स्थान र व्यक्तिको निगरानी | स्वास्थ्य शाखा, नगरपालिकाका अस्पतालहरु, स्वास्थ्य चौकी | जिल्ला स्वास्थ्य कार्यलय | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | क्वारेन्टाईन कक्ष तथा आईसोलेसन कक्ष निर्माण | स्वास्थ्य शाखा, नगरपालिकाका अस्पतालहरु, स्वास्थ्य चौकी | स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय, सहयोगी निकायहरु | तत्काल | |
| ५ | द्रुत नमूना परिक्षण तथा स्वाब संकलन गरि परिक्षणका लागि पठाउने | स्वास्थ्य शाखा, नगरपालिकाका अस्पतालहरु | स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय, सहयोगी निकायहरु | तत्काल | |
| ६ | औषधिको व्यवस्था | स्वास्थ्य शाखा | जिल्ला स्वास्थ्य कार्यालय | तत्काल | |
| | **शिक्षा विकास तथा समन्वय इकाई अर्न्तगत** | | | | |
| १ | Communication Flow Chart तयारी | विद्यालयहरु | नगरपालिका | निरन्तर | |
| २ | आपतकालिन योजनाको निर्माण | विद्यालयहरु | नगरपालिका | निरन्तर | |
| ३ | ड्रिल सिमुलेशन | विद्यालयहरु | नगरपालिका | निरन्तर | |
| ४ | स्रोत व्यवस्थापन | विद्यालयहरु | नगरपालिका | निरन्तर | |
| ५ | मनोसामाजिक परामर्श | विद्यालयहरु | नगरपालिका | निरन्तर | |
| ६ | बिद्यालयको जोखिम नक्शांकन | विद्यालयहरु | नगरपालिका | निरन्तर | |
| | **कृषि/पशु सेवा अर्न्तगत** | | | | |
| १ | खाद्यान्न र तरकारी विऊ मौज्दात (Stock)राख्ने | नगरपालिका, कृषी विकास शाखा | कृषी ज्ञान केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | |
| २ | पशुपंक्षिको उपचार | पशु सेवा केन्द्र | भेटेनरी अस्पताल | तत्काल | |
| ३ | बिभिन्न रोग बिरुद्ध भ्याक्सिन लगाउने | पशु सेवा केन्द्र | भेटेनरी अस्पताल | निरन्तर | |
| ४ | मृत पशुपन्छीको व्यवस्थापन | पशु सेवा केन्द्र | भेटेनरी अस्पताल | तत्काल | |
| ५ | दानाको व्यवस्थापन | पशु सेवा केन्द्र | भेटेनरी अस्पताल | निरन्तर | |
| ६ | मलखादको व्यवस्थापन | नगरपालिका, कृषी विकास शाखा | कृषी ज्ञान केन्द्र, कृषी सहकारी | निरन्तर | |
| ६ | कृषी उपजको बजारीकरणमा सहजिकरण | नगरपालिका, कृषी विकास शाखा | हाट बजार केन्द्र, कृषी उपभोक्ता सहकारी | निरन्तर | |
| | **खानेपानी तथा सरसफाई शाखा अर्न्तगत (पूर्वाधार)** | | | | |
| १ | पानी शुद्धिकरण गर्ने तरिका सम्बन्धी अभिमुखीकरण गर्ने | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र | जिल्ला स्वास्थ्य कार्यालय, खानेपानी उपभोक्ता संस्था | निरन्तर | |
| २ | खानेपानी शुद्धिकरणको लागि वाटर गार्ड, पीउस वितरण गर्ने | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र | जिल्ला स्वास्थ्य कार्यालय, खानेपानी उपभोक्ता संस्था | निरन्तर र बर्षात सुरु भएको लगत्तै | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विस्थापितहरूलाई हर्पिक, ब्रस, फिनेल, बाल्टिन, मग उपलब्ध गराउने | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र | नगरपालिका | तत्काल | |
| ४ | विस्थापितहरूको लागि महिला र पुरुषको लागि छुट्टै शौचालय र स्नान गृह बनाउन | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र | नगरपालिका | तत्काल | |
| ५ | प्रभावित विद्यालय, मदरसा, स्वास्थ्य केन्द्रमा चर्पि र पानीका कलहरूको मर्मत गरि सञ्चालनमा ल्याउने | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र | नगरपालिका र जिल्ला स्वास्थ्य कार्यालय | तत्काल | |
| | **नेपाल रेडकस सोसाईटी** | | | | |
| १ | सुरक्षित तथा न्यूनतम मानवियस्तरका आकस्मिक अस्थायी आवासको व्यवस्थापन गर्ने | नेपाल रेडकस सोसाइटीका उपशाखाहरु | नगरपालिका | विपदको १२ घण्टा भित्र | |
| २ | शिविर समन्वय तथा शिविर व्यवस्थापन गर्ने | नेपाल रेडकस सोसाइटीका उपशाखाहरु | नगरपालिका | विपदको १२ घण्टा भित्र | |
| ३ | घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि आवश्यक सामाग्रीहरु जस्तै साबुन, आदिको व्यवस्था गर्ने | नेपाल रेडकस सोसाइटीका उपशाखाहरु | नगरपालिका | विपदको १२ घण्टा भित्र | |
| ४ | विस्थापितहरूलाई सुरक्षित स्थानमा त्रिपालको व्यवस्था गरी अस्थायी बसोवास गराउने | नेपाल रेडकस सोसाइटीका उपशाखाहरु | नगरपालिका | विपदको १२ घण्टा भित्र | |
| ५. | बाढीमा बेपत्ता भएर फेला परेका मानिस प्रहरी तथा प्रशासनलाई बुझाउने, परिवारसंग मिलाउने र सोको अभिलेख राख्ने | नेपाल रेडकस सोसाइटीका उपशाखाहरु | नगरपालिका, प्रहरी तथा सेना | निरन्तर | |
| ६ | प्राथमिक उपचार तथा स्वयंसेवक परिचालन | नेपाल रेडकस सोसाइटीका उपशाखाहरु | First Aid Voluteers, नगरपालिका स्वास्थ्य शाखा, जु.रे.स.हरु | तत्काल | |

**श्रोतः मनसुन कोरोना प्लान २०७७, नवलपरासी (सुस्ता पूर्व)**

# परिच्छेद - ६

# आपतकालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

## ६.१ समग्र विपद् जोखिमको सन्दर्भमा

नारायणी नदी र पहाडी भागबाट उत्पन्न भएर प्रवाहित विभिन्न खोला र खहरेहरुले सृजना गरेको बाढी र कटान जस्ता विपद्का कारण र पूर्व पश्चिम राजमार्ग यसै नगरपालिकाको बीच भाग भएर जाने भएकोले गैडाकोट नगरपालिका सडक दुर्घटनाको समेत उच्च जोखिममा रहेको छ । बिगतमा गरिएका उद्धार र राहतका अनुभवलाई समेत आधार मानेर भविष्यमा हुनसक्ने बाढीजन्य र सडक दुर्घटना जस्ता विपद्को समयमा प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहयोग उपलब्ध गराउन यस कार्य योजनामा क्षेत्रगत अवधारणा अनुरूप कार्य विभाजन गरिएको छ ।

## ६.२ खोज, उद्धार तथा पूर्वसूचना र समन्वय विषयगत क्षेत्र

**क्षेत्रगत अगुवा: नगरपालिका मेयर**

विपद् प्रतिकार्यका लागि सूचना, समन्वय तथा लेखाजोखा क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । प्रभावित व्यक्ति तथा समुदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नुपर्छ ।

### विपद्पछिको सम्भावित परिदृश्य

- बाढीको उच्च जोखिममा रहेका क्षेत्रमा एकसाथ बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछन्,
- उद्धार, सुरक्षा, राहत वितरण जस्ता मानवीय कार्यका लागि आवश्यक सूचना संकलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुनेछ,
- राति बाढी गएमा ठूलो मानवीय क्षति हुनेछ भने प्रभावितले उद्धार र राहत पाउन कठिन हुनेछ,
- बृहत क्षेत्रमा आगलागी भएमा उद्धारको अभाव हुनेछ,
- रातको समयमा भूकम्प गएमा व्यापक रुपमा जनधनको क्षति हुनेछ ।
- सडक दुर्घटना भएमा मानिसहरुको मृत्यु, घाइते हुने, राजमार्ग अवरुद्ध हुने तथा लुटपाटको अवस्था समेत श्रृजना हुनेछ ।
- समुदायमा रहेका आवश्यक आधारभूत सेवा सुविधाहरु अवरुद्ध हुनेछन् ।

### खोज तथा उद्धार, पूर्वसूचना र समन्वय क्षेत्रको क्षेत्रगत उद्देश्य

खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्रले सूचना संकलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालाहरुलाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । योजनाका समष्टिगत उद्देश्य देहायअनुसार हुनेछन्:

१. विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।

२. निर्धारित समयभित्र “बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण” गर्न आवश्यक समन्वय गर्नु र कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।

३. सूचना प्रवाहको बैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।

४. नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।

५. प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

### आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विना भेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

### खोज, उद्धार र समन्वय र सूचना विषयगत क्षेत्र आपतकालीन प्रतिकार्य योजना

| खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना | | | | |
|---|---|---|---|---|
| क्र. सं. | पूर्वतयारीका कृयाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
| १ | खोज तथा उद्धार टोली आपतकालीन बैठक बस्ने | नगरपालिका | सुरक्षा निकाय | तत्काल |
| २ | विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक | नगरपालिका | स्थानीय विपद् व्यवस्थापन समिति | तत्काल |
| ३ | खोज उद्धार जनशक्ति र सामग्रीको प्रभावकारी परिचालन | नगरपालिका | सुरक्षा निकाय | तत्काल |
| ४ | प्राथमिक उपचारको लागि आवश्यक श्रोत साधन तथा जनशक्तिको तत्काल परिचालन | नगरपालिका | स्वास्थ्य खानेपानी तथा सरसफाइ र पोषण | तत्काल |
| ५ | घाइतेहरुको उद्धार तथा मृतकहरुको तत्काल व्यवस्थापन गर्ने | नगरपालिका | सुरक्षा निकाय | तत्काल |
| ६ | खोज तथा उद्धारको लागि अन्य सरोकारवाला निकायसँग सहयोग माग गर्ने | नगरपालिका | खोज उद्धार र समन्वय तथा सूचना विषयगत क्षेत्र | तत्काल |
| ७ | गम्भिर घाइतेहरुलाई थप उपचारको लागि एम्बुलेन्स, हेलीकप्टरको तत्काल व्यवस्था गर्ने | नगरपालिका | सुरक्षा निकाय | तत्काल |
| ८ | विपद् व्यवस्थापन कोषको परिचालन | नगरपालिका | नगरपालिका विपद् व्यवस्थापन शाखा | तत्काल |
| ९ | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रले जिल्ला, प्रदेश र केन्दीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा तत्काल आवश्यक समन्वय गर्ने | नगरपालिका | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र | तत्काल |

## विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना

खोज तथा उद्धार विषयगत क्षेत्रले विपद् प्रतिकार्यका लागि देहाय बमोजिमका पूर्वतयारी क्रियाकलाप सञ्चालन गर्नेछ:

| विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारीका कृयाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी निकाय** | **समयावधि** |
| १ | खोज तथा उद्धार र सूचना तथा समन्वय विषयगत क्षेत्रको नियमित बैठक बसी अवस्था विश्लेषण गर्ने | नगरपालिका | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी | हरेक महिनाको पहिलो हप्ता |
| २ | विपद् व्यवस्थापन समितिको नियमित बैठक | नगरपालिका | स्थानीय विपद् व्यवस्थापन समिति | हरेक महिनाको अन्तिम हप्ता |
| ४ | स्थापित पूर्वसूचना प्रणालीको प्रयोग गर्न सचेतना र प्रोत्साहित गर्ने | नगरपालिका | पत्रकार महासंघ, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय पत्रकार | नियमित |
| ५ | नगरपालिकाका १८ वटै वडाबाट ३६ जना युवालाई खोज तथा उद्धार तालिम उपलब्ध गराउन सशस्त्र प्रहरी बल कुरिनटार चितवनसँग समन्वय गर्ने | नगरपालिका | नेपाल रेडक्रस सोसाइटी, सशस्त्र प्रहरी बल | २०७८ अषाढ भित्र |
| ६ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई बिस्तार गरी भविष्यमा २४ घण्टा सञ्चालनमा ल्याउने | नगरपालिका | सुरक्षा निकाय | २०७७ फागुन |
| ७ | खोज तथा उद्धारका लागि सूचना आदानप्रदान गर्ने संयन्त्रको विकास गने | नगरपालिका | खोज उद्धार र समन्वय तथा सूचना विषयगत क्षेत्र | २०७८ अषाढ भित्र |
| १० | खोज, उद्धार तथा क्षतिको मुल्याङ्कन टोलीको निर्माण गर्ने | नगरपालिका | खोज उद्धार र समन्वय तथा सूचना विषयगत क्षेत्र | २०७८ जेष्ठ |
| ११ | प्राथमिक उपचार टोली र आवश्यक सामग्रीको व्यवस्था गर्ने | नगरपालिका | खोज उद्धार र समन्वय तथा सूचना विषयगत क्षेत्र तथा, स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण क्षेत्र | २०७७ चैत्र |
| १२ | उद्धारका लागि आवश्यक हेलीप्याड मार्क गर्ने | नगरपालिका | | नियमित |

## ६.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्र

### क्षेत्रगत अगुवा: नगरपालिका स्वास्थ्य शाखा

विपद्को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्य सम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ । त्यसैगरी विपदमा परेका कतिपय मानिसलाई प्राथमिक उपचारको आवश्यकता पर्छ । त्यसैकारण यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

### विपद् पछिको सम्भावित परिदृश्य

- घरपालुवा जनावर, बालीनाली तथा अन्य सम्पत्तिमा क्षति हुन सक्दछ ।
- बाढीले तल्लो तटिय क्षेत्रमा केही दिनसम्म पानी जम्ने, सडक तथा पुलहरूमा क्षति र पहाडी क्षेत्रमा पहिरोको कारण लामो समय सम्म बाटो अबरुद्ध हुने अवस्था छ , जसको कारण पारवहन र तथा सूचना पहुँचमा कठिनाई हुन सक्दछ ।
- व्यक्तिगत तथा सामुदायिक चर्पीहरू क्षतिग्रस्त भै सरसफाइको अभाव हुन सक्दछ ।
- खाना पकाउने इन्धनको अभाव हुन सक्दछ ।
- विद्यालयहरूमा क्षति भई पठन-पाठन कार्य अवरुद्ध हुन सक्दछ ।
- बजारसम्म मानिसहरूको पहुँच आंशिक रूपमा मात्र हुन सक्दछ ।
- खानेपानी प्रणाली, खाने पानीका मुहान र स्रोतहरू संरचनात्मक क्षतिका कारण प्रदूषित हुनेछन्,
- सरसफाइको र पानीको अभावका कारण पानीजन्य  रोग र महामारीजन्य प्रकोप बढेर थप विपद् उत्पन्न हुने सम्भावना प्रबल रहनेछ,
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्षतिग्रस्त हुनसक्ने वा विपद् प्रभावितको पहुँचभन्दा बाहिर हुने, औषधि-उपचारका उपकरणहरू तथा औषधिको हानी नोक्सानी हुनेछ ।
- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ, रगतमासी, एवं महामारीजन्य रोग, गम्भीर श्वास प्रश्वास सम्बन्धी संक्रमण, ज्वरो, आँखा अथवा छालाका संक्रामक रोगहरूमा वृद्धि हुनेछ ।
- खाद्य सामग्रीको तीव्र अभाव तथा प्रदूषित वातावरणको कारणले गर्दा गम्भीर कुपोषण, हैजा तथा झाडापखाला जस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक  कार्यक्रममा अवरोध देखा पर्नेछ ।
- विपद्बाट विस्थापित विशेषगरी बालबालिका, गर्भवती र सुत्केरी महिला, अशक्त तथा जेष्ठ नागरिक र बिरामीको अवस्था दयनीय हुने सम्भावना हुनेछ ।
- लामखुट्टेजस्ता कीटबाट फैलिने औलो, कालाजार, डेङ्गु आदिको संक्रमण बढ्ने र सर्पदंश हुने सम्भावना रहन्छ
- विपद् प्रभावितहरुमा कोभिड -१९ को प्रकोप फैलिनसक्ने प्रवल सम्भावना हुन्छ ।

### क्षेत्रगत उद्देश्य

आपतकालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्याधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषण सम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु, पानी तथा कीटाणु वा किराको माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य रहनेछ । यस क्षेत्रका पुरक उद्देश्य देहायअनुसार हुनेछन्:

- झाडापखाला, हैजा तथा औलो र पानीजन्य एवं कीटजन्य रोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु, रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालन जस्ता उपाय अपनाउनु,
- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र बिरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।
- काभिड -१९ को प्रभावलाई नियन्त्रण गरी नियमित अनुगमन र नियमन गर्नु ।

### आपतकालीन प्रतिकार्य योजना

विपद्को समय र विपद्पछिको अवस्थामा जनस्वास्थ्यको रक्षाका लागि स्वास्थ्य तथा पोषण क्षेत्रले देहायका कार्यहरु गर्नेछ:

| स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्रको प्रतिकार्य योजना | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | ० देखि २४ घण्टा | विषयगत शाखाको आकस्मिक बैठक बसी घटनाको अवस्था विश्लेषण गर्ने | स्वास्थ्य शाखा | घटना घटेको सूचना प्राप्त भए पश्चात |
| | | स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रसँग निरन्तर सम्पर्क गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | | अस्पताल र क्लीनिकहरुलाई सम्पर्क तयारी अवस्थामा रहन निर्देशन दिने । | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | | स्वास्थ्यकर्मी परिचालन गरी क्षतिको प्रारम्भिक तथ्याङ्क अद्यावधिक गर्ने | स्वास्थ्य शाखा, गैडाकोट नगरपालिका | तत्काल |
| | | घाइतेहरुको प्राथमिक उपचार गर्ने र गम्भिर प्रकृतिका घाइतेहरुलाई थप उपचारका लागि आवश्यकता अनुसार …….. लैजान व्यवस्था मिलाउने | | तत्काल |
| | | सबै वडाका स्वास्थ्य चौकीहरुलाई पूर्णरुपले परिचालित गराउने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | | विपद्को प्रभाव कम भएका वडा स्वास्थ्य चौकीका स्वास्थ्य कार्यकर्ताहरुलाई प्रभावित क्षेत्रमा परिचालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |

| | | | | |
|---|---|---|---|---|
| २ | २४ घण्टादेखि ७ दिन | स्वास्थ्य विषयगत क्षेत्रको बैठक बसी समग्र बस्तुस्थितिको अद्यावधिक गर्ने | नगरपालिका र स्वास्थ्य शाखा | आवश्यकता अनुसार |
| | | पानी शुद्धिकरणका सामग्रीको पूर्नस्थापना केन्द्रहरुमा वितरण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | | अस्थायी आवास स्थलमा गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य परीक्षण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | नियमित |
| | | आवश्यकता अनुसार स्वास्थ्यकर्मी र स्वास्थ्य सामग्रीहरुको थप व्यवस्था गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | | अस्थायी आवास केन्द्रमा स्वास्थ्य तथा सरसफाइ शिविर सञ्चालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | | थप जनशक्ति व्यवस्थापनका लागि निबृत्त स्वास्थ्यकर्मी तथा विद्यालयको जुनियर रेडक्रस सर्कल र शिक्षक नायकलाई उपयोग गर्ने । | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | |
| ३ | ७ दिन देखि महिना दिन | मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गैसस | घटना घटेको दिनदेखि नियमित १५ दिन सम्म |
| | | टोल र बस्तीहरुमा नियमित स्वास्थ्य सेवा प्रवाह गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वास्थ्य चौकी | घटना घटेको दिनदेखि नियमित १० दिन सम्म |
| | | पुनर्स्थापना केन्द्रहरुमा खानेपानी, सरसफाइ तथा पोषणयुक्त खानाको बारेमा जानकारी | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वास्थ्य संस्था | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | | अस्थायी स्वास्थ्य शिविर तथा सरसफाइ अभियान सञ्चालनका लागि स्थानीय युवा स्वयंसेवक परिचालन गर्ने । | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वास्थ्य स्वयंसेविका, आवास तथा गैरखाद्य विषयगत क्षेत्र, स्थानीय स्वास्थ्य चौकी, महिला तथा युवा समूह | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |

## प्रतिकार्यका लागि पूर्वतयारी योजना

विपद्को सामना गर्न आपतकालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्रले देहायअनुसार पूर्वतयारी गर्नेछः

| स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्रको प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | |
|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |

| | | | |
|---|---|---|---|
| १ | विषयगत शाखाको नियमित बैठक बसी अवस्थाको अद्यावधिक गर्ने | स्वास्थ्य शाखा | २०७७ फागुन महिना भित्र |
| २ | महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएकाको तथ्याङ्क अद्यावधिक गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | २०७७ फागुन महिना भित्र |
| ३ | स्वास्थ्य उपकरणको व्यवस्थापन, तथ्याङ्क अद्यावधिक गर्ने र भण्डारण गर्ने । | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | २०७७ फागुन महिना भित्र |
| ४ | अत्यावश्यक औषधि तथा विभिन्न कीटहरुको प्रबन्ध गर्ने । | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| ५ | पानी शुद्धिकरणका सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | २०७७ चैत्र भित्र |
| ६ | आपतकालीन शौचालय निर्माण सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | २०७८ जेष्ठ भित्र |
| ७ | हरेक वडाका ५ जना युवाहरुलाई क्षमता विकासका लागि आधारभूत प्राथमिक उपचार तालिम दिने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र र नेपाल रेडक्रस सोसाइटी | २०७८ भदौ भित्र |
| ८ | पोषणयुक्त खाद्य भण्डारणका लागि भण्डारगृहको व्यवस्थापन गर्ने | न्पा | २०७८ जेष्ठ सम्म |
| ९ | एम्बुलेन्स २४ सै घण्टा तयारी अवस्थामा राख्ने | नगरपालिका,स्वास्थ्य शाखा | नियमित |
| १० | आपतकालीन अवस्थामा परिचालन गर्ने हेतुले वडा भित्र रहेका निबृत्त स्वास्थ्यकर्मी तथा विद्यालयको जुनियर रेडक्रस सर्कल र शिक्षक नायकहरुको तथ्याङ्क अद्यावधिक गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | २०७७ चैत्र भित्र |

## कोभिड १९ मा आधारित प्रतिकार्य योजना

| क.सं | कार्य विवरण | मुख्य जिम्मेवारी | सहयोगी | समय | अनुगमन |
|---|---|---|---|---|---|
| १. | सर्वसाधरण नागरिकको बढि आवतजावत हुने नाकामा सहायता कक्षको स्थापना गर्ने सहायता कक्षमा वस्ने सुरक्षाकर्मी तथा कर्मचारीलाई आवश्यक सामग्री तथा उपकरणको व्यवस्था गर्ने | नगरपालिका र स्वास्थ्य शाखा | जिल्ला सुरक्षा समिति | कोरोनाको जोखिम कम नभए सम्म निरन्तर | नगरपालिकाका प्रमुखहरु, प्र.जि.अ. र सुरक्षा प्रमुखहरु |
| २. | सवै वडास्थित स्वास्थ्य केन्द्रहरुमा छुट्टै शैयाको व्यवस्था गर्ने | नगरपालिका | स्वास्थ्य शाखा | तत्काल | न.पा प्रमुख र प्र.जि.अ. |
| ३. | कोरोना भाइरसवाट | नगरपालिका र | जिल्ला सुरक्षा | कोरोनाको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सर्वसाधारणलाई जोगाउन सतर्कता सम्बन्धी प्रचार प्रसार गर्ने | स्वास्थ्य शाखा | समिति | जोखिम कम नभए सम्म | |
| ४. | वडास्तरीय समिति गठन गरि सचेतना अभियान संचालन गर्ने | नगरपालिका र स्वास्थ्य शाखा | जिल्ला सुरक्षा समिति | कोरोनाको जोखिम कम नभए सम्म | |
| ५. | नगरपालिकाको सीमामा हुने आवतजावत नियन्त्रण गर्ने | नगरपालिका र स्वास्थ्य शाखा | जिल्ला सुरक्षा समिति | कोरोनाको जोखिम कम नभए सम्म | |
| ६. | शंकास्पद भएको व्यक्तिलाई क्वारिन्टिनमा राखी परिक्षणको व्यवस्था गर्ने | नगरपालिका र स्वास्थ्य शाखा | जिल्ला सुरक्षा समिति | कोरोनाको जोखिम कम नभए सम्म | |
| ७. | नगरपालिका स्थित सवै एम्बुलेन्स र चालकलाई तयारी अवस्थामा राख्ने | स्वस्थ्य शाखा | ने.र.सो., एम्बुलेन्स सेवा प्रदायक संस्था | तत्काल | |
| ८. | अत्यावश्यक सामाग्रीहरुको अभाव हुन नदिन र कालो बजारी हुन नदिन बजार अनुगमन गर्ने | नगरपालिका | सम्बन्धित उ.बा. संघ, उपभोक्ता हक हित संरक्षण मञ्च, पत्रकार र गै.स.स. | तत्काल | जिल्ला प्रशासन कार्यालय |
| ९. | नगरपालिकाले कोरोना प्रतिकार्य योजना बनाई लागु गर्ने | नगरपालिका | District Emergency Operation Center (DEOC) | तत्काल | |
| १०. | मास्क सेनिटाइजार र Thermal Gun लगायतका सामग्रीहरु सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाउने | प्रदेश सामाजिक बिकाश मन्त्रालय, स्वास्थ्य शाखा, उ.बा.संघ/औषधि व्यवसायी संघ | नेपाल सरकार, स्वास्थ्य मन्त्रालय तथा सहयोगी निकाय | निरन्तर | |
| ११. | नगरपालिकामा न्यूनतम सुविधा सहितको क्वारिन्टनको व्यवस्था गर्ने | नगरपालिका | सबै सुरक्षा निकाय | तत्काल | |
| १२. | शंकास्पद व्यक्तिलाई रिफरको व्यवस्था मिलाउने | अस्पताल/स्वास्थ्य सेवा केन्द्र | नगरपालिका | शंकास्पद व्यक्ति फेला परेमा | |
| १३. | नीजि क्षेत्रका अस्पताल तथा पोलिक्लिनिकहरुबाट सहयोगको लागि समन्वय गर्ने | स्वास्थ्य शाखा | नगरपालिका | तत्काल | |
| १४. | सिनेमा हल, सांस्कृतिक केन्द्र, जिम तथा अन्य मनोरञ्जन स्थलहरु बन्द गर्ने | सम्वन्धित स्थानीय तह | सबै सुरक्षा निकाय | तत्काल | जिल्ला प्रशासन कार्यालय |
| १५. | सार्बजनिक सवारी साधनहरु क्षमता भन्दा बढी यात्रुहरु ओसार पसार नगर्ने नगराउने | ट्रफिक प्रहरी, नेपाल प्रहरी र यातायत व्यवसायी | सबै सुरक्षा निकाय | तत्काल | जिल्ला ट्राफिक कार्यालय |
| १६. | ठूला तथा आवासीय होटलहरुमा | उ.बा.संघ र होटल | नगरपालिका | कोरोनाको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ज्वरो मापन उपकरण तथा सामग्रीको व्यवस्था गरि उक्त स्थानमा प्रवेश गर्ने व्यक्तिको स्वस्थ्य जाँच गर्ने | व्यवसायी संघ | | जोखिम कम नभए सम्म | |
| १७. | सर्बसाधरण नागरिकमा कोरोना सम्बन्धी भ्रम तथा त्रास फैलाउने व्यक्तिलाई कानुन बमोजिम कारबाही गर्ने | जिल्ला प्रहरी कार्यालय | पत्रकार महासंघ लगायत संचार सम्बद्ध संघ सस्थाहरु | तत्काल | |
| १८. | सीमावर्ती क्षेत्रमा रहेका मदिरा सहित होटलहरु बन्द गर्ने | जिल्ला प्रहरी कार्यालय | नगरपालिका र होटल ब्यवसायी संघ | कोरोनाको जोखिम कम नभए सम्म | जि.स. स. प्रमुख, स्थानीय तहका प्रमुखहरु, प्र.जि.अ. र सुरक्षा प्रमुखहरु |
| १९. | तेस्रो मुलुक वा कोरोना प्रभावित मुलुकबाट आएका नेपालीको बिबरण अद्यावधिक गर्ने | वडा स्तरीय कोरोना नियन्त्रण समिति | नगरपालिका | तत्काल | नगरपालिकाका प्रमुखहरु |
| २० | स्थानीय तहमा लाग्ने सबै हाट बजार बन्द गर्ने | नगरपालिका | | कोरोनाको जोखिम कम नभए सम्म | जिल्ला प्रहरी कार्यालय |
| २१ | दैनिक उपभोग्य खाद्यबस्तुहरु, कृषी उपजहरु, अत्याबश्यक निर्माण सामाग्रीहरु, फलफुलहरु र औषधि पसल बाहेकका पसलहरु बन्द गर्ने | जिल्ला प्रहरी कार्यालय | नगरपालिका र उ.बा.संघ | कोरोनाको जोखिम कम नभए सम्म | |
| २२ | क्वारिन्टन स्थलको निर्माण गर्ने | नगरपालिका | स्वास्थ्य | तत्काल | जि.स.स.का प्रमुखहरु, प्र.जि.अ. र सुरक्षा प्रमुखहरु |
| २३ | सबै सर्बसाधरणलाई अत्यावश्यक काम बाहेक घर भित्रै बस्न आग्रह गर्ने | नगरपालिका | नगरपालिका | तत्काल | जि.स.स.का प्रमुखहरु, प्र.जि.अ. र सुरक्षा प्रमुखहरु |

**श्रोतः Monsoon Corona Plan -2077 Nawalparasi (East)**

| नगरपालिकामा कोभिड १९ को कारण विपद् लक्षित स्वास्थ्य सामाग्री | | |
|---|---|---|
| **नाम** | **संख्या** | **कैफियत** |
| पि.पि.ई सेट | १२ | |
| मास्क | ५०० | |
| पञ्जा | २५०० | |
| क्लोरिन बट्टा | २०० | |
| अन्य औषधी | पर्याप्त | |

## ६.४ संरक्षण विषयगत क्षेत्र

### क्षेत्रगत अगुवा: नगरपालिका महिला तथा बालबालिका शाखा

विपद्बाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ । विशेषगरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती र सुत्केरी महिलाजस्ता बढी प्रभावित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

### विपद् पछिको अनुमानित परिदृश्य

- जोखिमपूर्ण अवस्थाको सामना गरिरहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको संख्या धेरै हुनेछ ।
- संरक्षण गर्नुपर्ने महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको घाइते हुन सक्ने, विस्थापित, हराउन, अलपत्र र भेदभावमा पर्न सक्नेछन् ।
- महिला, किशोरी तथा बालिकाहरुमा हिंसाका घटनाहरु हुनसक्नेछन् ।

### क्षेत्रगत उद्देश्य

महिला तथा बालबालिका लगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा प्रभावितहरूको संरक्षणका लागि यस क्षेत्रले अन्य क्षेत्रसँग समन्वय गरी देहायअनुसार कार्य गर्नेछः

| संरक्षण विषयगत क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | संरक्षण क्लष्टरको आकस्मिक बैठक वसी विषयगत जिम्मेवारी बाँडफाँड गर्ने | महिला तथा बालबालिका शाखा | तत्काल |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको प्रारम्भिक तथ्याङ्क संकलन गर्ने | नगरपालिका,संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | हराइरहेका बालबालिकाहरुको खोज तथा उद्धार क्लष्टरसँग समन्वय गरी खोजी कार्यलाई नियमितता दिने | संरक्षण विषयगत क्षेत्र, सुरक्षा निकाय | तत्काल |

| | | | |
|---|---|---|---|
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको प्राथमिकताका साथ उद्धार गर्न समन्वय गर्ने | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्र, संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा राख्ने | संरक्षण विषयगत क्षेत्र आवास तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको तयारी खाना पुगे नपुगेको भेदभाव भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल अवाश्यकता अनुसार |
| | एम्बुलेन्स सेवा, आपतकालीन प्राथमिक उपचार र घाइतेका लागि यातायात व्यवस्था भएनभएको निरीक्षण गर्ने । | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्र, संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई तत्काल आवश्यक पर्ने राहत सामग्री उपलब्ध गराउन सहजिकरण गर्ने । विशेषगरी अति जोखिममा रहेको समूहलाई केन्द्रीत गर्ने । | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | घाइतेहरुको प्राथमिक उपचारका लागि स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| २४ घण्टादेखि ७ दिन | संरक्षण विषयगत क्षेत्रको बैठक बसी परिस्थितिको अद्यावधिक गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | प्रारम्भिक द्रूत लेखाजोखा गर्ने (Initial Rapid Need Assessment-IRNA) | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | अस्थायी आवासगृहमा महिला तथा किशोरीहरुलाई अत्यावश्यक स्थानीटरी प्याडहरुको वितरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | अस्थाइ शिविरहरु बालमैत्री, महिला मैत्री र अपाङ्ग मैत्री भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | यथाशिघ्र द्रुत लेखाजोखाको विवरण सम्वन्धित सरोकारवालाहरुलाई जानकारी दिने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | प्रभावित स्थानमा वा शिविर सञ्चालन भएको स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने साथै महिलाको विशेष संरक्षणको व्यवस्था मिलाउन सहजिकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि तत्काल आवश्यक पर्ने खाद्यान्न लगायत न्यूनतम मानविय सहयताका सामग्री वितरण गर्न खाद्य तथा कृषि, आवास तथा गैरखाद्य विषय क्षेत्रसँग समन्वय गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित, अवस्था सहज नहुँदासम्म |

| | | | |
|---|---|---|---|
| | विपद प्रभावितहरुको बहुमुल्य सरसमानको सूरक्षा गर्ने | संरक्षण विषयगत क्षेत्र, सुरक्षा निकाय | स्थति नियन्त्रणमा नआउँदा सम्म |
| ७ दिन देखि महिना दिन | प्रभावित महिला, बालबालिका तथा किशोर किशोरीहरुलाइ दुरुपयोग र बेचविखन हुन सक्ने पक्षवारे जनचेतना अभिवृद्धि गर्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन |
| | हराएका र छुट्टिएका बालबालिकाहरु छन् भने आमावावुसँग पुनर्मिलन गराउने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | पारिवारिक सम्पर्कमा पुर्याइएका बालबालिकाहरुको लागि कपडा तथा पोषणयुक्त खाना वितरण गर्ने | नगरपालिका संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | मनोसामाजिक समस्या भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई मनोसामाजिक परामर्श दिने | संरक्षण विषयगत क्षेत्र | स्थिति सहज नहुन्जेलका लागि नियमित |
| | निरन्तर निगरानी, जनचेतना अभिवृद्धि, अनुगमन र मुल्यांकन गरी आवश्यकता अनुसार थप सहयोग गर्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको १५ दिन सम्म |
| | अभिभावक गुमाएका बालबालिकाहरुको संरक्षणका लागि विभिन्न निकायसँग समन्वय गर्ने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १ महिना सम्म |
| | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप प्रतिकार्य भएनभएको समीक्षा गरी प्रतिवेदन तयार गर्ने | नगरपालिका, संरक्षण विषयगत क्षेत्र | घटना घटेको १ महिना पछि |

## संरक्षण विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी योजना

विपद्को सामना गर्न आपतकालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन संरक्षण विषयगत क्षेत्रले देहायअनुसार पूर्वतयारी गर्नेछः

| संरक्षण विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारी कृयाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी निकाय** | **समयावधि** |
| १ | संरक्षण विषयगत क्षेत्रको नियमित बैठक बसी अवस्था विश्लेषण गर्ने | संरक्षण विषयगत क्षेत्र | क्षेत्रगत सदस्यहरु | हरेक महिनाको अन्तिम हप्ता |
| २ | जेष्ठ नागरिक, महिलाबालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गर्ने | महिला तथा बालबालिका शाखा | महिला सञ्जाल, बाल सञ्जाल, क्षेत्रगत सदस्यहरु | २०७७ फागुन |
| ३ | नगरका हरेक वडाबाट मनोसामाजिक परामर्शकर्ताहरुको छनोट गरी प्रत्येक वडाबाट ५ जना छनोट गरी ९० जनालाई तीन चरणमा मनोसामाजिक परामर्श तालिम सञ्चालन गर्ने | नगरपालिका | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी | २०७७ चैत्र देखि |
| ४ | संरक्षण विषयगत क्षेत्रका सदस्यहरुलाई स्फेयर तालिम सञ्चालन गर्न विभिन्न निकायसँग समन्वय गर्ने | नगरपालिका, | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, उपशाखा | २०७८ जेष्ठ |

| | | | | |
|---|---|---|---|---|
| ५ | महिलाहरुको विशेष अवस्थाका लागि आवश्यक सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | नगरपालिका | महिला तथा बालबालिका शाखा | २०७७ जेष्ठ भित्र |
| ६ | अपाङ्गता भएका प्रभावितहरुको सुरक्षित आश्रयस्थलका लागि अपाङ्ग मैत्री आश्रयस्थलको पहिचान र सूचीकरण गर्ने | नगरपालिका | महिला तथा बालबालिका शाखा, वडा कार्यालय | २०७८ वैशाख भित्र |
| ७ | १ वर्षमुनिका शिशुहरुको लागि आवश्यक पर्ने पौष्टिक आहाराका सामग्रीको भण्डारण गर्ने | नगरपालिका | महिला तथा बालबालिका शाखा, वडा कार्यालय | नियमित |

## ६.५ आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र

**क्षेत्रगत अगुवा: नगरपालिका उपप्रमुख**

आवास तथा गैरखाद्य विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्ड स्फियर मापदण्ड अनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नुपर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नुपर्ने हुन्छ । यसको लागि विद्यालय, मन्दिर, चर्च, स्थानीय तहका भवनजस्ता सार्वजनिक स्थलमा राख्नुपर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडावर्तन र इन्धनको व्यवस्था गर्नुपर्ने हुन्छ । आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लेखित मानवीय सेवा उपलब्ध गराउँछ ।

### विपद् पछिको सम्भावित परिदृश्य

- विपद्बाट संकटासन्न वडाका अधिकांश गाउँ टोल संकटमा हुनेछन् ।
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिबिरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसंख्या खाद्यान्न अभावको चपेटामा पर्नेछ ।
- विशेषगरी बालबालिका, जेष्ठ नागरिक र बिरामी तथा गर्भवती महिलाहरु बढी समस्यामा पर्नेछन् ।
- जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।
- बाढीबाट अधिकांश गाउँ प्रताडित र घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ ।

- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक तथा संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौती र समस्या देखा पर्नेछन् ।

## क्षेत्रगत उद्देश्य

आवास तथा गैरखाद्य विषयगत क्षेत्रको प्रमुख उद्देश्य विपद्बाट प्रभावित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने आवास, खाद्यसामग्री, लताकपडा उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्देश्य देहायअनुसार रहेका छन्

- विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।
- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितहरुको समानुपातिक पहुँच गराउनु ।

## प्रतिकार्यका लागि पूर्वतयारी

आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्रले आपतकालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि देहायअनुसार पूर्वतयारी गर्नेछः

| | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र गैडाकोट नगरपालिका | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** |
| १ | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्रको नियमित बैठक बसी आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री उपलब्धताका क्षेत्रहरुको पहिचान गर्ने । | नगरपालिका आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | २०७७ चैत्र भित्र |
| २ | सुरक्षित आवास स्थलको पहिचान र सूचीकरण गर्ने | नगरपालिका | वडा कार्यालय | २०७७ चैत्र भित्र |
| ३ | सुरक्षित पुनर्स्थापना योजना निर्माण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | वडा कार्यालय | २०७७ जेष्ठ भित्र |
| ४ | आपतकालीन सुरक्षित आवास स्थलको लागि पहिचान भएको खुल्ला स्थानको व्यवस्थापन गरी आवश्यक संरक्षण गर्ने | नगरपालिका आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत | वडा कार्यालय | २०७७ अषाढ सम्म |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्र | | |
| ५ | सेफ सेल्टर निर्माण गर्नको लागि आवश्यक पर्ने दक्ष जनशक्ति र आवश्यक सामग्रीहरु त्रिपाल, किला, कांटी, डोरी जस्ता आवश्यक सामग्रीहरु तयारी अवस्थामा राख्ने | गैडाकोट नगरपालिका आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | निरन्तर |
| ६ | न्युनतम ..... घरधुरीलाई चाहिने लत्ताकपडा, भाँडावर्तन, झुल, ओढ्ने ओछ्याउने कपडा खरिद गरी भण्डार गरी राख्ने | गैडाकोट नगरपालिका वडा कार्यालय | उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी | निरन्तर |
| ७ | अपाङ्गता भएका व्यक्तिहरुको लागि ह्वील चेयर, चस्मा, लौरो जस्ता सामग्रीहरु भण्डार गरी राख्ने | गैडाकोट नगरपालिका वडा कार्यालय | उद्योग बाणिज्य संघ, वडा कार्यलय | निरन्तर |

## आपत्कालीन प्रतिकार्य योजना

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विना भेदभाव आवास तथा गैरखाद्य सामग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

| **आपत्कालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र** | | | | |
|---|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | | **समयावधि** |
| ० देखि २४ घण्टा | गैरखाद्य र आवास क्लष्टरको आकस्मिक बैठक बोलाउने र घटनाको अवस्था विश्लेषण गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र अगुवा निकाय | तत्काल |
| | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग नियमित रुपमा सूचना अद्यावधिक गर्ने | नगरपालिका | विषयगत क्षेत्र अगुवा निकाय | तत्काल |
| | प्रभावितहरुलाई तत्काल सुरक्षित स्थानान्तरणको व्यवस्था मिलाउने | नगरपालिका | सुरक्षा निकाय आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | प्राथमिक उपचारको शिघ्र निरन्तरताका लागि स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण विषयगत क्षेत्रसँग नियमित समन्वय र सहकार्य गर्ने | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका स्वास्थ्य शाखा | तत्काल |
| | प्रभावितलाई कम्वल, ओढ्ने ओछ्याउने सामग्रीहरु वितरण गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | घटनास्थलको सुरक्षाका लागि सुरक्षा निकायलाई सघाउने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | तत्काल अस्थायी शिविरको व्यवस्था मिलाउने | नगरपालिका | राहत, पूनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | नियमित स्थिति साम्य नहुञ्जेल |
| | अपाङ्गता भएका व्यक्तिहरुका लागि ह्विल चेयरहरु | नगरपालिका | आपतकालीन आश्रय तथा | अवाश्यकता |

| | | | | |
|---|---|---|---|---|
| | वितरण गर्ने | | गैरखाद्य विषयगत क्षेत्र | अनुसार नियमित |
| | अस्थायी आश्रय केन्द्रहरुमा लत्ताकपडा, भाँडावर्तन, कम्बल म्याट जस्ता सामग्रीहरु वितरण गर्ने । | नगरपालिका | उद्योग बाणिज्य संघ | तत्काल |
| | प्रभावितलाई न्यानो कपडा, महिलाको लागि आन्तरिक कपडा, स्यानीटरी प्याडको व्यवस्था गर्ने | नगरपालिका | उद्योग बाणिज्य संघ | नियमित |
| | अस्थायी अवास स्थलमा आवश्यकता अनुरुपका भाँडावर्तन, ग्याँस सिलीण्डर र चुलो वितरण गर्ने | नगरपालिका | उद्योग बाणिज्य संघ | स्थिति सहज नहुदासम्म |
| २४ घण्टादेखि ७ दिन | क्षतिको सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक द्रूत लेखाजोखाको प्रतिवेदन अध्ययन गर्ने र सो अनुरुप आगामी नयाँ कार्यक्रम सहित निर्णय लिने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | थप जनशक्ति परिचालनका लागि विभिन्न निकायहरुबीच समन्वय बैठक गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | निरन्तर, आवश्यकता अनुसार |
| | आश्रयस्थलमा शौचालय, खानेपानी, औषधि उपचारको व्यवस्थापनका लागि स्वास्थ्य, खानेपानी सरसफाइ र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | आश्रयस्थलमा खाद्यान्न आपुर्तिको लागि खाद्य तथा कृषि विषयगत क्षेत्रसँग सहकार्य गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको दिन बाट |
| | प्रभावितहरुको लागि आवश्यक पर्ने भाँडावर्तनहरु, दाउरा तथा ग्याँस चुलो वितरण गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | अपाङ्गता भएका, एकल महिला र पुरुषको अलग र विशेष प्रकारको आश्रयस्थलको प्रबन्ध मिलाउने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | विपदको त्रासदीपुर्ण अवस्थाबाट आघात भएका मानिसहरुलाई आश्रयस्थलमै मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्थाका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | अस्थायी आवास स्थलमा रहेका विपद् प्रभावितहरुको अवस्था अनुगमन गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म नियमित |
| | खाद्य तथा आवासको अनुगमन गरी आवश्यकता अनसार थप सामाग्रीहरु उपलब्ध गराउने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ७ दिनदेखि |
| | आवासस्थलमा प्रभावितहरुमाथि भेदभाव भए नभएको सूचना अद्यावधिक गर्ने र भेदभाव भएको सूचना प्रप्त भएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने । | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | आवश्यकता अनुसार प्रभावितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटनाको ७ दिनदेखि |
| | आपतकालिन आश्रयस्थलमा बसेका प्रभावितहरुलाई स्थायी बसोबासका लागि सिफारिस गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ |

| | | | | |
|---|---|---|---|---|
| | | | | दिन सम्म |
| | बालबालिकाहरुको शैक्षिक निरन्तरताका लागि गैडाकोट नगरपालिका शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको १५ दिन देखि महिना दिनसम्म |
| | व्यवस्थित बस्ती विकास गर्न प्राविधिक अध्ययनका लागि सिफारिस गर्ने । | नगरपालिका | गैडाकोट नगरपालिका, प्रदेश सरकार | १ महिना पछि |
| | भौतिक संरचना पुननिर्माणमा आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता महासंघलाई सिफारिस गर्ने । | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |

## ६.६ शिक्षा विषयगत क्षेत्र

### क्षेत्रगत अगुवा: नगरपालिका शिक्षा शाखा

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो र विपद्बाट उत्पन्न हुने आपतकालीन समयमा पनि शिक्षा प्राप्त गर्ने शिक्षार्थीको लागि विशेष प्रबन्ध गर्नु राज्यको दायित्व मानिएको छ । अतः स्थानीय विपद् व्यवस्थापन समितिले शिक्षा क्षेत्रको भूमिका तथा दायित्वलाई कार्ययोजनामा समेट्ने कार्य गरेको छ ।

### विपद् पछिको परिदृश्य

- धेरै विद्यार्थी विस्थापित तथा प्रभावित हुने,
- प्रभावित तथा विस्थापित विद्यार्थीहरूमा मानसिक तनाव हुने, मनोसामाजिक समस्या हुनसक्ने देखिन्छ,
- विद्यार्थी विद्यालय शिक्षाको अवसरबाट बञ्चित हुने, पाठ्यपुस्तक र स्टेशनरी आदि नष्ट हुने भएकाले शिक्षा आर्जनको माध्यम अवरुद्ध हुनेछ,
- विद्यालयको भौतिक संरचना नष्ट हुने र शिक्षक र विद्यार्थीको मृत्यु हुनसक्ने सम्भावना रहनेछ ।
- विपद्मा अभिभावक गुमाएका बालबालिकाहरुको विद्यालय छोड्ने दरमा एक्कासी बृद्धि हुनसक्छ ।

### शिक्षा विषयगत क्षेत्रगत उद्देश्य

विपद् प्रभावित तथा विस्थापित विद्यार्थी र अस्थायी आवासको रूपमा उपयोग भएका विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित अध्ययन वा पठनपाठन गर्न पाउने अधिकारको प्रत्याभूति गर्दै आपतकालीन समयको लागि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु तथा आवश्यक सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ ।

### आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा आपतकालीन शिक्षा कार्यदलले देहायअनुसार आपतकालीन कार्य गर्ने निर्धारण गरिएको छः

| प्रतिकार्य योजना शिक्षा विषयगत क्षेत्र, गैडाकोट नगरपालिका | | | | |
|---|---|---|---|---|
| अवधि | प्रतिकार्यका क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |

| | | | | |
|---|---|---|---|---|
| ० देखि २४ घण्टा | शिक्षा विषयगत शाखाको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | तत्काल |
| | नगर शिक्षा समितिको आपतकालीन बैठक बोलाउने र वि.व्य.स. र शैक्षिक सरोकारवालासँग समन्वय गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | तत्काल |
| | प्रभावितहरुको शिघ्र उद्धार कार्यमा खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्रलाई सहयोग गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | तत्काल अवाश्यकता अनुसार |
| | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा ल्याउन खोज उद्धार, सूचना र समन्वय कार्यदललाई सहयोग गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | तत्काल |
| | स्थानीय विपद् व्यवस्थापन समितिले खटाएको ठाउँमा सदस्यहरु परिचालन गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | तत्काल |
| | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक तथ्याङ्क संकलन र अद्यावधिक गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | नियमित, अवस्थामा सुधार नआए सम्म |
| २४ घण्टादेखि ७ दिन | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक तथ्याङ्क माथि समीक्षा गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | नियमित |
| | आपतकालीन शिक्षा विषयगत क्षेत्र र नगर शिक्षा समितिको बैठक बोलाई भएका गतिविधिको समीक्षा गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु, नगर शिक्षा समिति | हरेक २ दिन |
| | आवश्यकता अनुसार विद्यार्थी तथा अभिभावकलाई मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु, नगर शिक्षा समिति | अवस्था र आवश्यकता अनुसार |
| | प्रभावित शिक्षक विद्यार्थीहरुको तथ्याङ्क संकलन गरी अभिलेख तयार गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु, नगर शिक्षा समिति | घटना घटेको २ दिन पछिबाट |
| | पूर्णरुपमा नष्ट भएका विद्यालय भवन को अभिलेख तयार गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु, नगर शिक्षा समिति | घटना घटेको ७ दिन भित्र |
| | अस्थाई सिकाई केन्द्र निर्माणका लागि श्रोत साधन र जनशक्तिको परिचालन गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु, नगर शिक्षा समिति, राजनीतिक दलका प्रतिनिधिहरु | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन सम्म |
| | शिक्षकहरुका लागि आपतकालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | घटना घटेको ७ दिन पछि |
| | अस्थाइ सिकाई केन्द्रहरुमा छात्रा विद्यार्थीहरु माथि हुनसक्ने हिंसा न्यूनीकरणका लागि शि.अ. संघका अध्यक्षको संयोजकत्वमा विद्यालय सुरक्षा संयन्त्र निर्माण गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु र नगर शिक्षा समिति, राजनीतिक दलका प्रतिनिधिहरु | घटना घटेका ७ दिन भित्र |

| | | | | |
|---|---|---|---|---|
| ७ दिन देखि महिना दिन | अस्थायी रुपमा विद्यालय सञ्चालन गर्नका लागि आवश्यक पर्ने शैक्षिक सामग्री वितरण गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | घटना घटेको दिनदेखि नियमित १० दिनदेखि |
| | बालबालिकाहरुलाई विद्यालयमा फर्किन अभिभावकहरुसँग समुदायमा छलफल गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु नगर शिक्षा समिति, राजनीतिक दलका प्रतिनिधिहरु | घटना घटेको दिनदेखि नियमित १० दिन सम्म |
| | पेशागत संघ संगठनका प्रतिनिधिहरुसँग विद्यालय सञ्चालनका लागि समन्वय गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु, नगर शिक्षा समिति, पेशागत संघ संगठनका प्रतिनिधि | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | विपद् प्रभावित विद्यार्थीहरुको अवस्था र आवश्यकता अनुसार विद्यालय पोषाक, पाठ्यपुस्तक र स्टेसनरी सामग्रीहरु वितरण गर्न विभिन्न सरोकारवाला निकायसँग समन्वय गर्ने । | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु, स्टेशनरी व्यवसायी संघ | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | बालबालिकाहरुलाई मनोरञ्जनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने<br>विद्यालयमा डेस्क वेन्च, शौचालय, खानेपानीको अस्थायी व्यवस्था मिलाउने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | विद्यालय खोल्नु भन्दा १ हप्ता पहिले |
| | विद्यालयमा जाने आउने बाटोहरु बिग्रेको छ भने मर्मत गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | विद्यालय खोल्नु भन्दा १ हप्ता पहिले |
| | गम्भिर प्रकृतिको अवस्थामा बाहेक विपद्को घटना घटेको १० दिनबाट विद्यालय सञ्चालन गर्न आव्हान गर्ने | नगरपालिका शिक्षा विषयगत क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | विपद्को १० दिनपछि |

## प्रतिकार्यका लागि पूर्वतयारी

शिक्षा विषयगत क्षेत्रले आपतकालीन प्रतिकार्य योजनाको कार्यान्वयनको लागि नगर शिक्षा समितिसँग समन्वय गरी देहायअनुसार पूर्वतयारी गर्नेछः

| **प्रतिकार्यका लागि पूर्वतयारी योजना शिक्षा विषयगत क्षेत्र, गैडाकोट नगरपालिका** | | | | |
|---|---|---|---|---|
| **क्र. सं** | **पूर्वतयारी कृयाकलाप** | **जिम्मेवार निकाय** | | **समयावधि** |
| १ | शिक्षा विषयगत क्षेत्रको नियमित बैठक बसी पूर्वानुमानित विपद्का घटनाहरुको विश्लेषण गर्ने | गैडाकोट नगरपालिका शिक्षा शाखा | विषयगत निकायका प्रतिनिधिहरु | हरेक महिनाको १५ गते |
| २ | सुरक्षित र कम जोखिमयुक्त स्थानमा विद्यालय भवन निर्माण गर्न सहजिकरण गर्ने | गैडाकोट नगरपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु | नियमित |
| ३ | गैडाकोट नगरपालिका भित्रका सामुदायिक तथा निजी विद्यालय आसपासमा घट्नसक्ने | गैडाकोट नगरपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु | नियमित |

| | | | | |
|---|---|---|---|---|
| | प्रकोप र त्यसबाट उत्पन्न हुनसक्ने विपद्को बारेमा जानकारी दिने | | | |
| ४ | नगरभित्रका हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन गर्ने | नगरपालिका, शिक्षा विषयगत क्षेत्र, विद्यालय | विषयगत क्षेत्रका सदस्यहरु | २०७८ बैशाख देखि |
| ४ | गैडाकोट नगरपालिकाका हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन समिति निर्माण गर्न सहजिकरण गर्ने | नगरपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु | २०७८ बैशाख |
| ५ | हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोक्ने | नगरपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु | विद्यालय खुल्नासाथ |
| ६ | बालबालिकाहरुलाई विपद्को समयमा अपनाउनुपर्ने सावधानीका बारेमा चेतना फैलाउन कृत्रिम घटना अभ्यास सञ्चालन गर्ने | नगरपालिका शिक्षा शाखा, वि.व्य.स., विद्यालय | विषयगत क्षेत्रका सदस्यहरु | विद्यालय खुल्नासाथ, नियमित |
| ७ | अस्थायी सिकाई केन्द्र निर्माणका लागि सुरक्षित स्थानको पहिचान र सूचीकरण गर्ने | नगरपालिका शिक्षा क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | २०७७ भित्र |
| ८ | हरेक विद्यालयमा प्राथमिक उपचार कक्ष र प्राथमिक उपचार सामग्रीको व्यवस्थापनका लागि स्वास्थ्य, खानेपानी सरसफाइ र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | नगरपालिका शिक्षा क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | २०७७ चैत्र |
| ९ | विभिन्न संघसंस्था, एम्बुलेन्स, सुरक्षा निकाय, स्थानीय सरकार तथा जिल्लास्थित कार्यालयहरुको सम्पर्क विवरण तयार र अद्यावधिक गर्ने | नगरपालिका शिक्षा क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | २०७७ फागुन भित्र |
| १० | हरेक विद्यालयको गैरसंरचनात्मक जोखिम अल्पिकरण गर्न वि.व्य.स.सँग समन्वय गर्ने | वि.व्य.स., विद्यालय | विषयगत क्षेत्रका सदस्यहरु | २०७८ वैशाख |
| ११ | हरेक विद्यालयमा प्रकोप पात्रो निर्माण गरी विद्यालय, शिक्षक र समुदायमा विपद् सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने | विद्यालय, शिक्षा क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | २०७८ अषाढ |
| १२ | अस्थायी सिकाई केन्द्रका लागि आवश्यक पर्ने शैक्षिक सामग्री तयार गरी वितरण गर्ने | नगरपालिका शिक्षा क्षेत्र | विषयगत क्षेत्रका सदस्यहरु | २०७८ जेष्ठ |

## ६.७ खाद्य तथा कृषि विषयगत क्षेत्र

### क्षेत्रगत अगुवाः नगरपालिका कृषि शाखा

### विपद्को सम्भावित परिदृष्यः

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी,
- खाद्यान्न प्रतिको घट्दो पहुँच,
- विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा तीव्र खाद्य असुरक्षा हुने ।

### क्षेत्रगत उद्देश्यः

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।
- प्रभावितहरुको खाद्यसुरक्षाका लागि अन्तरनिकाय समन्वय छलफल गर्ने,
- आपतकालीन अवस्थामा प्रभावितहरुको लागि यथाशिघ्र खाद्यान्न उपलब्ध गराउने,
- जीवनरक्षा सम्बन्धी रणनीतिहरूका लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने,
- दीर्घकालीन रुपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने । .
- पारीवारिक स्रोतहहरूलाई पुनर्लाभ तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा आम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने ।

## आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउन' यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

| खाद्य तथा कृषि विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना, गैडाकोट नगरपालिका | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | खाद्य तथा कृषि विषयगत क्षेत्रको आकस्मिक बैठक बसी घटनाको परिस्थिति सीमक्षा गर्ने | गैडाकोट नगरपालिका कृषि विकास शाखा | तत्काल |
| | खाद्य तथा कृषि विषयगत क्षेत्रको अगुवाईमा सूचना संकलन तथा सहयोग डेस्क स्थापना गर्ने | गैडाकोट नगरपालिका कृषि विकास शाखा | तत्काल |
| | विपद्बाट प्रभावितहरुको लागि तत्कालको लागि राहत स्वरुप चाउचाउ, बिस्कुट, चिउरा, भुजा, दालमोठ जस्ता तयारी खाद्यान्न वितरण गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | गर्भवती तथा सुत्केरी महिला, बालबालिका र जेष्ठ नागरिकको लागि बिस्कुट, लिटो, दुध लगायतका नरम खानेकुरा वितरण गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | खाद्य सामाग्रीहरु वितरण गर्दा त्यसको गुणस्तरता परीक्षण भएको, राम्ररी प्याक गरिएको र हावा नछिरेको सामग्रीहरु वितरण गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको लागि आवश्यकतामा आधारित पोषणयुक्त खाना पुगे नपुगेको सुनिश्चित गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र | अवाश्यकता अनुसार नियमित |
| | बाहिरबाट आयात गरिएको खाद्यान्नको पौष्टिकता परिक्षण गरेर मात्र खाना वितरण गर्ने । | खाद्य तथा कृषि विषयगत क्षेत्र | नियमित |
| | कृषि तथा खाद्य विषयगत क्षेत्रको राहत वितरणमा एकद्वार नीति अवलम्बन गर्न सबैलाई सचेत गराउने । | खाद्य तथा कृषि विषयगत क्षेत्र | नियमित |
| | विपद्ग्रस्त क्षेत्रमा अस्थाई राहत भण्डारण केन्द्र स्थापना गरी राहत उपलब्धतामा सर्वसुलभता कायम गर्ने । | गैडाकोट नगरपालिका, कृषि विकास शाखा, प्रदेश सरकार | स्थिति सहज नहुदासम्म |
| | गर्भवती, सुत्केरी, १ वर्षभित्रका शिशु र ७५ वर्षभन्दा माथिल्लो | गैडाकोट नगरपालिका, कृषि | स्थिति सहज |

| | | | |
|---|---|---|---|
| | उमेर समूहका जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरी उनीहरुको लागि छुट्टै खानाको व्यवस्थापन र वितरण गर्ने । | तथा खाद्य विषयगत क्षेत्र | नहुँदासम्म निरन्तर |
| २४ घण्टादेखि ७ दिन | क्षतिको सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक द्रूत लेखाजोखा गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र, कृषि समूह, महिला समूह | ५ दिन भित्र |
| | कृषि तथा पशुधनको क्षति मुल्याङ्कन गरी मृत पशुहरुको व्यवस्थापनको काम गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | खाद्यान्न सहयोग आव्हान गरी क्षतिको अवस्था हेरी थप राहत वितरणका लागि नगरपालिकालाई सिफारिस गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | बीउ सुरक्षाका लागि विभिन्न सञ्चारका साधन मार्फत सूचना जारी गरिरहने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | विपद्बाट प्रभावितहरुको विस्तृत तथ्याङ्क संकलन गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | ७ दिनदेखि १५ दिन को बीच |
| | कृषि बीउविजन तथा पशुजन्य सहयोग प्रभावितहरुलाई गरी कृषि उत्पादन पुनःर्स्थापना गर्न सहयोग गर्ने । | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म नियमित |
| | राहत प्रदान गर्ने विभिन्न निकायसँग समन्वय गरी आवश्यकतामा आधारित राहत प्याकेज तयार गरी वितरण गर्ने । | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको एक हप्ता पछि |
| | खाद्यान्न तथा विशेष अवस्थाका प्रभावितहरुलाई आवश्यकता अनुसार बैंकमार्फत नगद प्रदान गर्न सहजिकरण गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | बेमौसमी तरकारी खेती, कुखुरा तथा मौरीपालन मार्फत प्रभावितहरुको जीविकोपार्जनलाई सहज बनाउन सहयोग गर्ने । | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १५ दिन देखि महिना दिनसम्म |
| | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुगमन गर्ने र आगामी दिनमा थप सुधारका कार्यहरु गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १५ दिन देखि महिना दिनसम्म |

## खाद्य तथा कृषि विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी योजना

विपद्पूर्वको समयमा सम्भावित विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउनु तथा बीउविजनको पूर्वतयारी गर्नु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

| **खाद्य तथा कृषि विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी** | | | |
|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | खाद्य तथा कृषि विषयगत क्षेत्रको नियमित बैठक बसी विपद्को सम्भावित अवस्था विश्लेषण गर्ने । | खाद्य तथा कृषि विषयगत क्षेत्र | हरेक महिनाको १५गते |
| २ | खाद्य तथा कृषि विषयगत क्षेत्रको विपद् भैपरी योजना | खाद्य तथा कृषि विषयगत क्षेत्र | २०७८ चैत्र मसान्त |

| | | | |
|---|---|---|---|
| | निर्माण गरी कार्यान्वयनमा लाने | | भित्र |
| ३ | आपतकालीन बीउविजन संरक्षण र भण्डारणका लागि हरेक वडाबाट कम्तीमा १० जना कृषकहरुलाई बीउ संरक्षण तथा भण्डारण तालिम दिने | गैडाकोट नगरपालिका, प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालय | २०७८ जेष्ठ भित्र |
| ४ | तरकारी तथा खाद्यान्न बालीको बीउ भण्डारण सुनिश्चित गर्ने । | गैडाकोट नगरपालिका, कृषि विकास शाखा | निरन्तर |
| ५ | समयमै मलखाद तथा विषादी उपलब्धताको लागि सरोकारवालाहरुसँग समन्वय गर्ने । | गैडाकोट नगरपालिका, कृषि विकास शाखा | निरन्तर |
| ६ | गैडाकोट नगरपालिकामा अवस्थित जोखिमपूर्ण सिंचाई योजनाहरुको लगत लिई साना सिंचाई योजनाहरु सहयोग गर्ने । | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | २०७८ अषाढ भित्र |
| ७ | सम्भावित महामारीको क्षति आँकलन गर्न अनुगमन चुस्त गरी सूचना सम्प्रेषण गर्ने अनुगमन संयन्त्रको विकास गर्ने | गैडाकोट नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | २०७७ फागुन |

## ६.८ राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगतक्षेत्र

### क्षेत्रगत अगुवा: नगरपालिका प्रमुख

राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्ड (स्फियर) अनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नुपर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको प्रमुख भूमिका रहन्छ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई सामान्य अवस्था भएर आफ्नो घर फर्किने वातावरण तयार नहुँदा सम्म आपतकालीन आश्रयस्थलमा राख्नुपर्ने हुन्छ । अस्थायी रूपमा विद्यालय, मन्दिर, चर्च, स्थानीय तहका भवन जस्ता सार्वजनिक स्थलमा राख्नुपर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओढ्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडावर्तन र इन्धनको व्यवस्थापनका लागि सम्बन्धित क्षेत्रगत निकायसँग समन्वय गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको भूमिका बिग्रे भत्केका भौतिक संरचनाहरुको मर्मत सम्भार देखि नयाँ निर्माण सम्म रहन्छ । प्रभावितहरुको जीविकोपार्जनको पुनर्स्थापना देखि लिएर विपद्मा हराएका नष्ट भएका दस्तावेजहरुको पुननिर्माण सम्मका गतिविधिहरुमा यस विषयगत क्षेत्रले सहजिकरण गर्नेछ ।

### विपद् पछिको सम्भावित परिदृश्य

- विपद्बाट अधिकांश मानिसहरु संकटमा हुनेछन्,
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्थामा पुनर्स्थापनाको अभावले छटपटिइ रहनेछन् ।

- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडा वाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिविरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- विशेषगरी बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र बिरामी तथा गर्भवती महिलाहरु अरु बढी समस्यामा पर्नेछन् ।
